१६. नेपाल भ्रमणमा आउने पर्यटकको संख्यामा पुस २०६३ देखि पुस २०६४ सम्म ३७.२ प्रतिशतले बढेकोमा पुस २०६४ देखि पुस २०६५ सम्मको अवधिमा ५.० प्रतिशतले गिरावट आएको छ । गत वर्ष नेपाल भित्रिएका पर्यटकहरुको संख्या ५ लाख २६ हजार ७ सय ५ रहेकोमा यस वर्ष ५ लाख २ सय ७७ मात्र रहेको छ । पर्यटकको औसत बसाइ अवधि गत वर्ष ११.९६ दिन रहेकोमा यस वर्ष सीमान्तरुपमा घटी ११.७८ दिन पुगेको छ । यस क्षेत्रले आर्थिक वर्ष २०६४/६५ भरिमा रु. १८ अर्ब ६५ करोड विदेशी मुद्रा आर्जन गरेकोमा पर्यटक संख्यामा देखिएको उपरोक्त गिरावटको वावजुद चालू वर्षको आठ महिनासम्ममा रु. १६ अर्ब ८२ करोड आर्जन भएको छ । यद्यपि गत आर्थिक वर्षको प्रथम आठ महिनामा यस क्षेत्रबाट प्राप्त भएको विदेशी मुद्रा आर्जनको वृद्धिदर ७६.३ प्रतिशतको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको वृद्धिदर ५४.५ प्रतिशत मात्र रहेको छ ।

१७. सामाजिक क्षेत्रको विकास नेपाल सरकारको प्राथमिकता रहेको एक महत्वपूर्ण क्षेत्र भएको परिप्रेक्ष्यमा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा निकै सुधार हुँदै गएको छ । शिक्षा क्षेत्रमा सरकार तथा निजी क्षेत्रको सहभागिता विस्तारित भएको छ भने स्वास्थ्य क्षेत्रमा पनि दुबै समूहको कियाशिलता बढ्दै छ । यसै सन्दर्भमा हालका वर्षहरुमा जनस्वास्थ्यलाई उच्च प्राथमिकता दिई सरकारले स्वास्थ्य सेवातर्फ विभिन्न अस्पताल र स्वास्थ्य केन्द्रहरुमा ४० थरिका विभिन्न औषधिहरुको निःशुल्क वितरण गर्ने कार्यक्रम सञ्चालन गरेको छ । २०६४ को शैक्षिक सत्रमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुको संख्या कमशः २९ हजार २ सय २०, ९ हजार ७ सय ३९ र ५ हजार ८ सय ९४ भएकोमा २०६५ को शैक्षिक सत्रमा कमशः ३० हजार ९ सय २४, १० हजार ६ सय ३६ र ६ हजार ५ सय १५ पुगेको छ । गत वर्षको शैक्षिक सत्रमा कुल विद्यार्थी संख्या ६५ लाख ३४ हजार रहेकोमा चालू वर्षको शैक्षिक सत्रमा ६९ लाख ६४ हजार

पुगेको छ । त्यस्तै, नेपालको जनशक्तिको गुणात्मक सुधार गरी उच्च जनशक्ति तयार गर्न नेपालका विश्वविद्यालयहरु क्रियाशील रहेका छन् । फलस्वरुप, विभिन्न विधामा अध्ययन गर्ने विद्यार्थीहरुको संख्यामा पनि क्रमिक विस्तार भइरहेको छ ।

१८. आर्थिक वृद्धिदरमा सुस्तता तथा मूल्य वृद्धिदरमा तीब्र चाप रहेको अवस्थामा पनि खासगरी उच्च विप्रेषण आयको कारण शोधनान्तर स्थिति अनुकूल रही विदेशी विनिमय सञ्चिति सन्तोषजनक स्तरमा रहेको छ। खासगरी आवागमनमा समयसमयमा देखिएका अवरोधहरु तथा औद्योगिक सम्बन्ध र ऊर्जा आपूर्तिमा अनिश्चितताको कारणले मुलुकको आर्थिक विस्तार र विकासमा प्रतिकूल अवस्था सिर्जना भएको देखिन्छ। पुँजीगत खर्चको अपेक्षित विस्तार हुन नसकेतापनि सरकारी क्षेत्रमा राजस्व परिचालनतर्फ देखिएको प्रगति उत्साहजनक छ ।

१९. आर्थिक सुस्तताको भुमरीमा जकडिएको नेपाली अर्थतन्त्रले दोहोरो अंकको उच्च मूल्य वृद्धिको सामना गर्नु परिरहेको विसंगतिपूर्ण वर्तमान अवस्थामा जनताको क्रयशक्ति र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा हाम्रो समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ। तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास, लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अझ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भीर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेकोले अर्थतन्त्रलाई सहज र स्वाभाविक ढंगले अगाडि बढाउन एवम् जनताको दैनिक जीवनयापनमा राहत पुऱ्याउन खासगरी यातायात व्यवस्थामा अड्चन आउने खालका बन्द, हड्ताललाई पूर्णरुपमा प्रतिवन्ध लगाउने गरी पर्याप्त कानुनी व्यवस्था तत्काल तर्जुमा गर्ने र सो कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने राष्ट्रिय अपरिहार्यता बनेको छ ।

# समष्टिगत आर्थिक परिसूचकहरू

| *विवरण* | *एकाइ* | | *आर्थिक वर्ष* | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६[1] |
| **आर्थिक गतिविधि** | | | | | | | | | |
| *यथार्थ कुल गार्हस्थ्य उत्पादन*[2] **उत्पादकको मूल्यमा* | वार्षिक % परिवर्तन | ०.१ | ३.९ | ४.७ | ३.५ | ३.४ | ३.३ | ५.३ | ४.७ |
| **वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा* | वार्षिक % परिवर्तन | ०.५ | ३.४ | ५.१ | ३.० | ४.० | ३.१ | ५.३ | ३.९ |
| ***कृषि* | वार्षिक % परिवर्तन | ३.० | ३.३ | ४.७ | ३.४ | १.७ | ०.९ | ४.७ | २.१ |
| ***गैर-कृषि* | वार्षिक % परिवर्तन | -१.० | ३.५ | ५.४ | ३.३ | ५.४ | ४.३ | ५.७ | ४.८ |
| *प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)* | वार्षिक % परिवर्तन | -२.० | १.६ | २.५ | १.५ | १.५ | १.४ | ३.४ | २.३ |
| *प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा)* | वार्षिक % परिवर्तन | -२.५ | १.६ | २.३ | २.१ | १.९ | १.७ | ३.३ | ३.७ |
| *यथार्थ कुल गार्हस्थ्य उत्पादन* **उत्पादकको मूल्यमा* | रु.अर्ब | ४४२.०५ | ४५९.४९ | ४८१.०० | ४९७.७४ | ५१४.४९ | ५३१.६८ | ५६०.१२ | ५८६.२३ |
| **वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा* | रु.अर्ब | ४२७.४० | ४४२.१३ | ४६४.८३ | ४८०.३५ | ४९९.५४ | ५१५.०८ | ५४२.४४ | ५६३.४४ |
| ***कृषि* | रु.अर्ब | १५८.४२ | १६३.६८ | १७१.३९ | १७.३० | १८०.२६ | १८१.९६ | १९०.४६ | १९४.५२ |
| ***गैर-कृषि* | रु.अर्ब | २६८.९८ | २७८.४५ | २९३.४३ | ३०३.०४ | ३१९.२८ | ३३३.१२ | ३५१.९८ | ३६८.९२ |
| *कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा)* | रु.अर्ब | ४५९.४४ | ४९२.२३ | ५३६.७५ | ५८९.४१ | ६५४.०८ | ७२८.१८ | ८१८.४० | ९६०.०१ |
| *समग्र कृषि उत्पादन सूचकाङ्क*[2] | रु.अर्ब | २.४ | ३.७ | ३.२ | २.८ | १.७ | ०.९ | ४.७ | २.२ |
| **खाद्यान्न तथा अन्य बालीहरू* | रु.अर्ब | २.३ | २.० | ३.४ | १.५ | १.४ | -२.७ | ७.३ | ३.४ |
| **पशुजन्य उत्पादन* | रु.अर्ब | २.५ | ३.२ | ३.४ | २.१ | २.५ | ३.१ | २.६ | २.४ |
| **तरकारी, वागवानी र नर्सरी* | रु.अर्ब | ५.१ | ३.६ | ५.० | ९.३ | ६.० | ६.४ | ९.६ | ९.६ |
| **वनजन्य उत्पादन* | रु.अर्ब | १.९ | १.९ | १.० | ०.२ | -२.५ | १.७ | ०.२ | ०.२ |
| *प्रमुख औद्योगिक वस्तु उत्पादन सूचकाङ्क*[2] | रु.अर्ब | -६.६ | २.४ | २.१ | २.६ | १.९ | २.१ | -२.२ | -१.५ |
| *कुल उपभोग/*जि.डि.पी. | % | ९०.५ | ९१.४ | ८८.३ | ८८.४ | ९१.० | ९०.३ | ८८.८ | ९२.० |
| *कुल गार्हस्थ्य बचत/*जि.डि.पी. | % | ९.५ | ८.६ | ११.८ | ११.६ | ९.० | ९.७ | ११.२ | ८.० |
| *कुल राष्ट्रिय बचत/*जि.डि.पी. | % | २४.२ | २३.८ | २७.३ | २८.४ | २९.० | २८.५ | ३१.३ | ३२.३ |
| *कुल स्थिर पुँजी लगानी/*जि.डि.पी. | % | १९.६ | १९.९ | २०.३ | १९.९ | २०.७ | २०.४ | २१.१ | २१.२ |
| *सरकारी /जि.डि.पी. | % | ३.८ | ३.० | २.८ | २.९ | २.७ | २.९ | ३.१ | ४.१ |
| *निजी /जि.डि.पी. | % | १५.८ | १६.९ | १७.६ | १७.० | १५.३ | १७.५ | १८.० | १७.१ |

| विवरण | एकाइ | | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६[१] |
| कुल लगानी/जि.डि.पी. | % | २०.२ | २१.४ | २४.५ | २६.५ | २६.८ | २८.० | ३२.८ | २९.७ |
| कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर/जि.डि.पी. | % | -१०.७ | -१२.८ | -१२.७ | -१४.९ | -१७.८ | -१८.३ | -२१.६ | -२१.७ |
| वस्तु तथा सेवाको खुद निर्यात (निर्यात-आयात)/जि.डि.पी. | % | -१०.८ | -१२.९ | -१२.८ | -१४.९ | -१७.९ | -१८.३ | -२०.६ | -२१.७ |
| *आयात/जि.डि.पी. | % | २८.५ | २८.६ | २९.५ | २९.५ | ३१.३ | ३१.३ | ३२.७ | ३७.४ |
| *निर्यात/जि.डि.पी. | % | १७.७ | १५.७ | १६.७ | १४.६ | १३.५ | १३.० | १२.१ | १५.७ |
| कुल जनसंख्या | करोड | २.३७ | २.४२ | २.४७ | २.५३ | २.५९ | २.६४ | २.७० | २.७६ |
| **मूल्य** | | | | | | | | | |
| उपभोक्ता मूल्य सूचकाङ्क [३] | % परिवर्तन | २.९ | ४.८ | ४.० | ४.५ | ८.० | ६.४ | ७.७ | १२.० |
| कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क [२] | % परिवर्तन | ३.९ | ३.१ | ४.० | ५.९ | ६.९ | ७.४ | ६.३ | १२.२ |
| *कृषि | % परिवर्तन | ३.५ | ०.८ | २.७ | ३.५ | ४.३ | ६.२ | ७.२ | १५.० |
| *गैर-कृषि | % परिवर्तन | ४.१ | ४.५ | ४.८ | ७.१ | ८.२ | ७.७ | ५.९ | १०.८ |
| थोक मूल्य सूचकाङ्क [४] | % परिवर्तन | ४.९ | ३.८ | ४.१ | ७.३ | ८.९ | ९.० | ९.१ | १०.६ |
| तलब तथा ज्यालादर सूचकाङ्क [५] | % परिवर्तन | | | | | ३.९ | ९.८ | ९.७ | २०.३ |
| *तलब | % परिवर्तन | | | | | ०.३ | ६.३ | १०.९ | २०.८ |
| *ज्यालादर | % परिवर्तन | | | | | ५.३ | १०.९ | ९.४ | २०.१ |
| **सार्वजनिक वित्त** | | | | | | | | | |
| राजस्व | % परिवर्तन | ३.२ | ११.५ | १०.९ | १२.५ | ३.१ | २१.३ | २२.७ | ३२.१ |
| कुल सरकारी खर्च | % परिवर्तन | ०.३ | ४.९ | ६.५ | १४.७ | ८.१ | २०.५ | २०.८ | ३२.४ |
| *चालू खर्च | % परिवर्तन | ६.६ | ६.६ | ६.६ | ११.० | ८.६ | १५.१ | १८.६ | ३३.५ |
| *पुँजीगत खर्च | % परिवर्तन | -१२.५ | -९.८ | ३.३ | १८.४ | ८.३ | ३४.२ | ३४.७ | ३७.० |
| *साँवा भुक्तानी खर्च | % परिवर्तन | १३.१ | ४८.६ | १२.९ | २५.४ | ५.४ | १७.४ | -२.२ | ११.० |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी) | % परिवर्तन | १७.५ | ३२.६ | ७.१ | १३.९ | ३.४ | १२.२ | -०.७ | २०.८ |
| राजस्व /जि.डि.पी. | % | ११.० | ११.४ | ११.६ | ११.९ | ११.१ | १२.१ | १३.२ | १४.८ |
| *कर राजस्व/जि.डि.पी. | % | ८.६ | ८.७ | ९.० | ९.२ | ८.८ | ९.८ | १०.४ | १२.२ |
| *गैर-कर राजस्व/ जि.डि.पी. | % | २.४ | २.८ | २.६ | २.७ | २.३ | २.३ | २.८ | २.६ |
| कुल सरकारी खर्च[६] /जि.डि.पी. | % | १७.४ | १७.१ | १६.७ | १७.४ | १७.० | १८.४ | १९.७ | २२.२ |
| *चालू खर्च[६] /जि.डि.पी. | % | १०.६ | १०.६ | १०.३ | १०.५ | १०.२ | १०.६ | ११.२ | १२.७ |
| *पुँजीगत खर्च[६] /जि.डि.पी. | % | ५.४ | ४.५ | ४.३ | ४.६ | ४.५ | ५.५ | ६.५ | ७.६ |
| *साँवा भुक्तानी खर्च / जि.डि.पी. | % | १.४ | १.९ | २.० | २.३ | २.२ | २.३ | २.० | १.९ |
| ऋण सेवा (साँवा र व्याज भुक्तानी)/जि.डि.पी. | % | २.७ | ३.३ | ३.२ | ३.४ | ३.१ | ३.२ | २.८ | २.७ |
| वैदेशिक अनुदान/जि.डि.पी. | % | १.४ | २.३ | २.१ | २.४ | २.१ | २.२ | २.५ | ३.६ |
| बजेट घाटा/जि.डि.पी. | % | ५.० | ३.३ | २.९ | ३.१ | ३.८ | ४.१ | ४.१ | ३.८ |
| वैदेशिक ऋण/जि.डि.पी. | % | १.७ | ०.९ | १.४ | १.६ | १.३ | १.४ | १.१ | १.१ |

| विवरण | एकाइ | आर्थिक वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६[1] |
| आन्तरिक ऋण/जि.डि.पी. | % | १.७ | १.८ | १.० | १.५ | १.८ | २.५ | २.५ | २.६ |
| वैदेशिक ऋण र अनुदान/जि.डि.पी. | % | ३.१ | ३.२ | ३.५ | ४.० | ३.४ | ३.६ | ३.६ | ४.७ |
| कुल तिर्न बाँकी ऋण | रु.अर्ब | २९३.७५ | ३०८.०८ | ३१८.९१ | ३०७.२० | ३२८.६८ | ३२०.४१ | ३६६.०१ | ३९९.७५ |
| *तिर्न बाँकी आन्तरिक ऋण | रु.अर्ब | ७३.६२ | ८४.६५ | ८६.१३ | ८७.५६ | ९४.७१ | १०३.७८ | ११६.०४ | १३३.३८ |
| *तिर्न बाँकी वैदेशिक ऋण | रु.अर्ब | २२०.१३ | २२३.४३ | २३२.७८ | २१९.६४ | २३३.९७ | २१६.६३ | २४९.९७ | २६६.३७ |
| प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण | रु. | १२३९५ | १२७३१ | १२९११ | १२१४२ | १२६९० | १२१३७ | १३५५६ | १४४८४ |
| कुल तिर्न बाँकी ऋण/ जि.डि.पी. | % | ६३.९ | ६२.६ | ५९.४ | ५२.१ | ५०.३ | ४४.० | ४४.७ | ४१.६ |
| *तिर्न बाँकी आन्तरिक ऋण/ जि.डि.पी. | % | १६.० | १७.२ | १६.० | १४.९ | १४.५ | १४.३ | १४.२ | १३.९ |
| *तिर्न बाँकी वैदेशिक ऋण/जि.डि.पी. | % | ४७.९ | ४५.४ | ४३.४ | ३७.३ | ३५.८ | २९.७ | ३०.५ | २७.७ |
| तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व | % | ४३६.४ | ३९७.४ | ३७३.५ | ३१३.२ | ३२३.७ | २४७.० | २३२.३ | १८७.३ |
| तिर्न बाँकी वैदेशिक ऋण/निर्यात | % | ४६८.९ | ४४७.५ | ४३१.८ | ३७४.१ | ३८८.४ | ३६४.८ | ४२१.८ | ३८५.४ |
| ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च | % | २५.० | ३१.१ | ३१.२ | ३२.० | ३०.५ | २९.७ | २४.९ | २१.५ |
| तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय संचिति | % | २०७.९ | २०६.४ | १७८.८ | १६९.१ | १४१.८ | १३१.२ | ११७.६ | ९५.१ |
| मुद्रा तथा बैंकिङ्ग | | | | | | | | | |
| आन्तरिक कर्जा | % परिवर्तन | १०.४ | १०.४ | ९.९ | १३.८ | ७.८ | १६.७ | २१.३ | १८.२ |
| *निजी क्षेत्रतर्फ | % परिवर्तन | ५.२ | १३.२ | १४.३ | १४.२ | १४.४ | १८.९ | २२.९ | २१.१ |
| *सरकारतर्फको खुद कर्जा | % परिवर्तन | २२.४ | ५.९ | १.८ | ११.३ | १०.४ | १०.४ | ११.२ | -३४.७ |
| बैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश | % | ६५.७ | ६७.४ | ७०.१ | ७०.३ | ७५.५ | ७५.८ | ७७.७ | ७९.६ |
| संकुचित मुद्रा प्रदाय (एम$_१$) | % परिवर्तन | ९.३ | ८.६ | १२.२ | ६.६ | १४.२ | १२.२ | २१.६ | १८.३ |
| *मुद्रा | % परिवर्तन | १५.२ | २.२ | ११.१ | ८.८ | १३.३ | ७.४ | १९.९ | २६.३ |
| *चल्ती निक्षेप | % परिवर्तन | -३.५ | २५.० | १४.४ | २.२ | १६.० | २२.८ | २५.० | ३.७ |
| विस्तृत मुद्रा प्रदाय (एम$_२$) | % परिवर्तन | ४.४ | ९.८ | १२.८ | ८.३ | १५.६ | १४.० | २५.२ | १९.५ |
| *मुद्दती र वचत निक्षेप | % परिवर्तन | २.१ | १०.४ | १३.१ | ९.२ | १६.४ | १४.९ | २७.० | २०.० |
| कुल निक्षेप | % परिवर्तन | ५.२ | १३.२ | १४.३ | १४.२ | ८.८ | १२.३ | २४.३ | २१.१ |
| कुल निक्षेप/जि.डि.पी. | % | ३६.६ | ३८.४ | ३९.९ | ३९.३ | ४१.२ | ४२.८ | ४८.३ | ४८.५ |
| कुल आन्तरिक कर्जा/जि.डि.पी. | % | ४४.२ | ४५.५ | ४५.९ | ४७.५ | ४९.३ | ४९.५ | ५३.४ | ५३.८ |
| *निजी क्षेत्रतर्फ/जि.डि.पी. | % | २९.० | ३०.७ | ३२.१ | ३३.४ | ३७.२ | ३७.६ | ४१.५ | ४२.९ |
| *सरकारतर्फको खुद कर्जा/ जि.डि.पी. | % | १३.० | ११.९ | १०.७ | १०.८ | १०.८ | १०.८ | १०.६ | ९.७ |
| संकुचित मुद्रा प्रदाय/जि.डि.पी. | % | १६.८ | १७.० | १७.५ | १७.० | १७.३ | १७.४ | १८.९ | १९.० |
| *मुद्रा/जि.डि.पी. | % | १२.१ | ११.६ | ११.८ | ११.७ | ११.९ | ११.५ | १२.२ | १३.२ |
| *चल्ती निक्षेप/जि.डि.पी. | % | ४.७ | ५.५ | ५.७ | ५.३ | ५.६ | ६.० | ६.६ | ५.८ |

| *विवरण* | *एकाइ* | | *आर्थिक वर्ष* | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५८/५९ | ५९/६० | ६०/६१ | ६१/६२ | ६२/६३ | ६३/६४ | ६४/६५ | ६५/६६[1] |
| *विस्तृत मुद्रा प्रदाय/* जि.डि.पी. | % | ४८.८ | ५०.० | ५१.७ | ५१.० | ५३.० | ५४.३ | ६०.५ | ६१.६ |
| **मुद्दती र वचत निक्षेप/* जि.डि.पी. | % | ३२.० | ३२.९ | ३४.२ | ३४.० | ३५.६ | ३६.९ | ४१.७ | ४२.६ |
| **वाह्य क्षेत्र** | | | | | | | | | |
| *निर्यात (वस्तु)* | % परिवर्तन | -१५.६ | ६.४ | ८.० | ८.९ | २.६ | ०.९ | १२.० | १२.० |
| *आयात (वस्तु)* | % परिवर्तन | -७.२ | १५.८ | ९.६ | ९.७ | १६.३ | १०.३ | २३.९ | २०.० |
| *निर्यात/आयात अनुपात* | % | ४३.७ | ४०.२ | ३९.६ | ३९.३ | ३४.७ | ३०.५ | २६.७ | २४.१ |
| व्यापार घाटा | % परिवर्तन | ०.७ | २३.१ | १०.७ | १०.२ | २५.१ | १९.२ | २०.२ | २३.३ |
| *पर्यटन आय* | % परिवर्तन | -२६.१ | ३५.७ | ५४.५ | -४३.३ | ८.७ | ६.० | ८४.२ | ३५.३ |
| *पर्यटन व्यय* | % परिवर्तन | ३.८ | ७.७ | ६२.४ | -३.३ | २३.४ | ३२.० | ३२.२ | ५१.५ |
| *विप्रेषण आय* | रु. करोड | ४७२२ | ४७५४ | ५४२० | ५८५९ | ६५५४ | ९७६९ | १००१४ | १८३०१ |
| *विप्रेषण आय* | % परिवर्तन | ०.७ | १४.० | ८.१ | ११.९ | ४९.० | २.५ | ४२.५ | २८.३ |
| *चालू खाता सन्तुलन* | रु. करोड | १८१६.१ | ११६१.५ | १४५९.८ | ११५४.५ | १४२२.५ | -९०.२ | २३६८.० | २३३९.२ |
| *निर्यात/* जि.डि.पी. | % | १०.२ | १०.१ | १०.० | १०.० | ९.२ | ८.२ | ७.५ | ७.२ |
| *आयात/* जि.डि.पी. | % | २३.४ | २५.३ | २५.४ | २५.४ | २६.६ | २६.७ | २६.६ | २८.१ |
| *व्यापार घाटा/* जि.डि.पी. | % | -१३.२ | -१५.१ | -१५.३ | -१५.४ | -१७.४ | -१८.६ | -१९.१ | -२०.९ |
| *पर्यटन आय/* जि.डि.पी. | % | १.९ | २.४ | ३.४ | १.८ | १.५ | १.४ | २.३ | २.६ |
| *पर्यटन व्यय/* जि.डि.पी. | % | १.२ | १.३ | १.९ | १.६ | १.८ | २.२ | २.५ | ३.३ |
| *विप्रेषण आय/* जि.डि.पी. | % | १०.३ | ११.० | १०.९ | ११.१ | १४.९ | १३.८ | १७.४ | १९.१ |
| *चालू खाता सन्तुलन/* जि.डि.पी | % | ४.० | २.४ | २.७ | २.० | २.२ | -०.१ | २.९ | २.४ |
| *शोधनान्तर वचत* | रु. करोड | -३३४.३ | ४३६.४ | १६००.५ | ५७४.२ | २५५९.८ | ५९०.४ | २९६७.५ | ३०००.५ |
| *विदेशी विनिमय संचिति* | रु. करोड | १०५९०.१ | १०८२२.९ | १३०२०.५ | १२९८९.६ | १६५०३.३ | १६५१२.६ | २१२६२.४ | २८०००.० |
| *विदेशी विनिमय संचिति* | % परिवर्तन | ०.७ | २.२ | २०.३ | -०.२ | २७.० | ०.१ | २८.८ | २७.४ |
| *संचितिको आयात धान्ने क्षमता* **वस्तु आयात* | महिना आयात बराबर | ११.६ | १०.४ | ११.५ | १०.४ | ११.४ | १०.२ | ११.५ | १२.० |
| **वस्तु तथा सेवा आयात* | महिना आयात बराबर | ९.८ | ९.० | ९.७ | ८.८ | ९.६ | ८.४ | ९.३ | १०.० |
| *विदेशी विनिमय दर* [६] | अ.ड.१= रु. | ७६.८८ | ७७.७९ | ७३.७९ | ७२.०६ | ७२.३२ | ७०.४९ | ६५.०२ | ७६.८४ |

*[१]वार्षिक प्रारम्भिक अनुमान (प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित); [२]आधार वर्ष २०५७/५८=१००; [३]आधार वर्ष २०५२/५३=१००; [४]आधार वर्ष २०५६/५७=१००; [५]आधार वर्ष २०६१/६२=१००; [६]खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको जेठ महिनासम्म ११ महिनाको औसत*

**टिप्पणी : जि.डि.पी.**सँगको अनुपात हिसाव गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ।

# अर्थतन्त्रका प्रमुख चुनौतीहरु

## १. आर्थिक गतिविधि

१.१ आर्थिक वृद्धिदरमा सुस्तता रहनु नेपालको आर्थिक विकासको प्रक्रियामा एउटा ठूलो समस्याको रुपमा रहेको छ । त्रिवर्षीय अन्तरिम योजना लागू भएको दोश्रो वर्षसम्मको अनुमानित तथ्याङ्कको आधारमा हेर्दा योजनाको ५.५ प्रतिशतको लक्षित वृद्धिदर प्राप्त गर्न सकिने स्थिति देखिदैन । चालू आर्थिक वर्ष २०६५/६६ को ७.० प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य पनि प्राप्त नहुने देखिन्छ । शान्ति प्रक्रिया र सुरक्षाको स्थितिमा सकारात्मक प्रवृत्ति देखिएको अवस्थामा पनि लक्षित आर्थिक वृद्धिदर हासिल गर्न कठिनाइ परेको छ। उत्पादन, रोजगारी, तथा जीवनयापनको दृष्टिले नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा कृषि रहेको छ । आधा शताव्दिदेखि अवलम्वन गर्दै आएको योजनावद्ध विकासको पृष्ठभूमि भएको हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको विकास र प्रवर्द्धनको निम्ति मुख्यरुपमा सहयोग पुऱ्याउने कारकको रुपमा रहेको सिंचाइ व्यवस्था कमजोर रहनु कृषि क्षेत्रतर्फ रहेको प्रमुख चुनौती हो ।

१.२ लगानीका लागि आवश्यक वातावरणको निर्माण तथा लगानीका अवसरहरुको पहिचान जस्ता कारकहरुले गैर कृषि क्षेत्रतर्फको लगानी अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । अझ प्रमुख कारकको रुपमा ऊर्जाको सहज आपूर्तिका साथै समस्यामुक्त औद्योगिक सम्बन्ध (Industrial Relations) विकासका लागि सरकारको औद्योगिक तथा श्रम नीतिमा हुनुपर्ने स्थिरताको नीतिगत व्यवस्था रहेको छ । नेपालको सन्दर्भमा दैनिक १२ घण्टा भन्दा बढीको लोड सेडिङ्ग, औद्योगिक सम्बन्धको कटुता, नयाँ औद्योगिक नीतिको घोषणा अद्यापि नहुनु, श्रम नीति सम्बन्धी अनिश्चितता जस्ता कारकहरुले गर्दा उत्पादन उद्योगदेखि अन्य व्यवसाय एवं सेवाहरु पनि फष्टाउन सक्ने अवस्थामा रहेनन् । फलतः गैर कृषि क्षेत्र पनि अन्तरिम योजना तथा चालू आर्थिक वर्षको लक्ष्य हासिल गर्न सक्ने स्थितिमा नरहेको चुनौती हाम्रो सामु विद्यमान छ ।

१.३ अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा जति प्रतिशतले आय बढेको छ त्यो भन्दा बढी दरले उपभोग बढ्ने नेपाली अर्थ व्यवस्थाको विद्यमान प्रवृत्तिले गर्दा वचतमा अवाञ्छित असर पर्न गएको छ । गत आर्थिक वर्ष ५.३ प्रतिशतले वृद्धि भएको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा ४.७ प्रतिशतमा सीमित रहँदा पनि उपभोग गत आर्थिक वर्ष ३.३ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्ष ६.० प्रतिशतले बढ्यो । यसले गर्दा अघिल्लो वर्षको तुलनामा चालू वर्ष वचत वृद्धिदर ६.९ प्रतिशतले नकारात्मक रह्यो । यदि यस वर्ष उपभोगको वृद्धिदर गत वर्षकै (३.३ प्रतिशत) वरावर र अन्य कुराहरु यथावत रहेको भए वचत वृद्धि १६.३ प्रतिशतले हुने एवम् कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य वचतको अनुपात ११.६ प्रतिशत पुग्ने थियो । त्यसैले, वचत गर्न प्रोत्साहित गर्ने वातावरणको निम्ति आवश्यक

पर्ने संयन्त्र, संस्थागत व्यवस्था तथा उपयुक्त उपकरणहरु देशव्यापीरुपमा अझै यथेष्ट रुपमा परिचालित हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको छ ।

१.४ नेपालमा रोजगारीका अवसरहरु क्षीण भएकोले विदेशमा कामदारको रुपमा काम गर्न नेपालका लाखौ युवाशक्ति विदेशिएका र सोही अनुसार उनीहरुले नेपालका आफन्तजनहरुको जीवन निर्वाहको निम्ति उल्लेख्य परिमाणमा विप्रेषणको रकम पठाउने गरेका छन् । साङ्ख्यिकीय हिसावले यस्तो विप्रेषण रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करिव २० प्रतिशतको हारांहारीमा हुन आउँछ । तर प्राप्त विप्रेषणको ठूलो हिस्सा आधारभूत उपभोग्य सामानहरुको आयातमा खर्च हुने गर्दछ । विप्रेषणको वृद्धिसँगै आयातमा वृद्धि हुने, आफूमा आश्रितहरुको भरणपोषण हुने जस्ता सकारात्मक पक्षको साथै अर्थव्यवस्थालाई पनि विप्रेषणको प्रयोगबाट पुनः उत्पादन प्रक्रिया बढाई प्रतिस्पर्धी हुन मद्दत पुगेको भए विप्रेषणको प्रयोगबाट देशको दीर्घकालीन विकासमा सहयोग पुग्न जाने थियो । त्यसैले, यो पक्ष अनुरुप विप्रेषणको प्रयोग नहुनु चुनौतीको रुपमा रहेको छ ।

१.५ वस्तु तथा सेवाको उत्पादन तथा निर्यातमा विविधता ल्याउन सक्ने प्रकारको आर्थिक संरचनाको अभावले गर्दा कम ज्यालादरमा श्रमशक्ति अर्थात सेवा निर्यात हुने वर्तमान परिप्रेक्ष्यमा पनि वित्तीय तथा आर्थिक संकटग्रस्त कतिपय देशहरुबाट श्रमिकहरु फिर्ता आउने क्रम रहेको छ। यस्ता श्रमिक तथा देशमा विद्यमान श्रमिकहरुलाई उत्पादनशील रोजगारीका अवसरहरु दिई देशमै तिनको उपयोग गर्न कर्जाको अतिरिक्त अन्य उत्प्रेरक उपायहरुको व्यवस्था कसरी मिलाउने वर्तमानको महत्वपूर्ण चुनौती भएको छ। विगतका दिनहरुमा अवलम्वन गरिएका योजनावद्ध विकास प्रयासबाट उपलब्ध भएका भौतिक आधारशिलाहरुको मर्मत संभार तथा विद्यमान मानवीय संसाधनको महत्तम उपयोग गरी आधारभूत आर्थिक क्रियाकलाप विस्तारको कार्य अझै अपेक्षित स्तरमा हुन सकेको छैन। चुनौतीपूर्ण यस्तो अवस्थामा आउँदा दिनहरुमा सुधार ल्याउन उपलब्ध सवै प्रकारको साधनसँग सामञ्जस्य हुने गरी विकास निर्माणका कार्यक्रमहरु अवलम्वन गर्नुपर्ने हुन्छ ।

१.६ साधन र श्रोतको न्यायोचित एवम् समतामूलक वितरण सामाजिक सद्भाव र शान्तिका लागि अपरिहार्य छ। वर्तमानमा आय असमानता क्रमिकरुपमा विस्तार भइरहेको चुनौतीपुर्ण अवस्थाको सामना गर्न सन्तुलित तथा फराकिलो आधारको आर्थिक क्रियाकलाप अभिवृद्धिमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

१.७ नेपालमा कृषि प्रशोधन उद्योग, पर्यटन, जलविद्युत, मूल्यवान जडीवुटी प्रयोग गर्ने उद्योग, शिक्षा र स्वास्थ जस्ता विभिन्न उपलब्ध अवसरहरुको महत्तम प्रयोग गरी आर्थिक वृद्धिदर उच्च गर्ने वृहद् संभावना रहेको छ। उपलब्ध विशिष्ट प्राकृतिक बैभबको उपयोग बढाउन आवश्यक पर्ने साधन जुटाउन आन्तरिक तथा वाह्य लगानी परिचालन गर्नु आवश्यक पर्दछ। लगानीको वातावरण सहज हुन नसकेको वर्तमान

अवस्थामा सम्वन्धित सबैको ध्यान यस तर्फ आकर्षित गर्नु पर्ने हुन्छ। यी उद्योगमा हुने लगानीबाट बेरोजगारी न्यून गर्न तथा गरिबी निवारण गर्न ठोस योगदान पुग्न सक्ने तथ्यप्रति सरोकारवाला सबैको चासो जगाउनु पर्ने उत्तरदायित्व रहेको छ।

१.८ नेपालको अर्थतन्त्रमा रहँदै आएको कृषि क्षेत्रको सापेक्षिक महत्व आउँदा दिनहरुमा अझै बढने छ। कुल गार्हस्थ्य उत्पादनमा एक तिहाई योगदान यसै क्षेत्रको छ भने खासगरी ग्रामीण रोजगारीमा यसको उच्च योगदान रहेको छ। कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढी हिस्सा ग्रामीण भेगमा बसोवास गर्ने र आय आर्जनको मुख्य श्रोत नै कृषि रहेको हुँदा राष्ट्रिय अर्थतन्त्रमा यसको भूमिका प्रवल रहेको स्पष्ट छ। यसका साथै बर्तमान विश्वले भोग्नु परेको खाद्य संकटलाई ध्यानमा राख्दा कृषि क्षेत्रमा आत्मनिर्भर बन्नु पर्ने स्पष्ट भएको छ। तसर्थ सिंचाइको प्रत्याभूति दिई उन्नत खेती प्रणालीलाई प्राथमिकता दिनु अपरिहार्य बनेको छ। प्राङ्गारिक मल, भण्डारण, उन्नत वीउ विजन, कृषि प्रसार सेवा तथा कृषि सडकको निर्माणलाई प्राथमिकता दिई यस क्षेत्रको विकासमा थप टेवा पुऱ्याउनु आवश्यक छ। कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणलाई प्रोत्साहन गर्न यस क्षेत्रमा संलग्न जनशक्तिलाई ग्रहणयोग्य प्रविधि प्रयोग गर्न सक्ने तुल्याउन कृषि संम्बन्धी प्रशिक्षण प्रदान गर्नुको साथै उद्यमशीलता बिकासमा समेत प्रशिक्षण दिनु नितान्त आवश्यक भएको छ।

१.९ समावेशी सामाजिक-आर्थिक विकासको स्वरुपलाई प्रगाढ वनाउने क्रममा उच्च र दिगो आर्थिक वृद्धिदर हासिल गर्न एवम् जनताका आकांक्षालाई परिपूर्ति गर्न सघाउने गरी आर्थिक क्रियाकलाप विस्तार गर्नुपर्ने हुन्छ। यसको निमित्त तात्कालिक र दीर्घकालीन कदमहरु चाल्नु नितान्त आवश्यक छ। यस सन्दर्भमा समावेशीकरणलाई विकासको प्रक्रिया र अवसरको महत्वपूर्ण हिस्साको रुपमा अवलम्बन गरी त्यसलाई अनुकूल हुने प्रशासन संयन्त्र तथा गुणस्तरीय जनशक्तिको महत्वपूर्ण भूमिकालाई मनन गरी ती क्षेत्रमा अपेक्षित सुधारको आवश्यकता छ। सडक यातायातमा अवरोध गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी आवागमन तथा ढुवानी कार्यमा सहजता ल्याई अर्थतन्त्रको लागत बढ्न जान नदिई प्रतिस्पर्धात्मक क्षमता बढाउन सके आर्थिक गतिविधिमा तीब्रता आउने स्पष्ट छ। औद्योगिक श्रम सम्बन्धमा समुचित सुधारका साथै औद्योगिक र व्यापारिक तथा अन्य व्यवसायिक क्षेत्रको विस्तार उच्च गर्नेतर्फ राष्ट्रिय प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्नुपर्ने चुनौती छ।

## २. सार्वजनिक वित्त

२.१ आगामी दिनहरुमा विकास निर्माणका लागि साधन परिचालन बढाउन मुख्यरुपमा चालू खर्च र साँवा भुक्तानी खर्च पूरा गरी राजस्व वचतको परिमाण बढाउन राजस्व परिचालनको प्रक्रियालाई दिगोरुपमा गतिशील, सुदृढ, सक्षम र उत्पादनशील बनाउनु पर्ने चुनौती देखिएको छ। त्यस्तै, बढी भन्दा बढी साधन पुँजीगत प्रयोजनको लागि प्रवाहित गर्नुपर्ने र कम प्राथमिकतायुक्त वा अनुत्पादनशील खर्च नियन्त्रणमा विशेष

शतर्कता अपनाउनु पर्ने अपरिहार्यता रहेको छ। यसबाट अर्थतन्त्रको विस्तारमा सकारात्मक योगदान पुग्ने र आर्थिक विकासको उद्देश्य हासिल गर्न दिगो आधार सुनिश्चित हुने अपेक्षा रहेको छ ।

२.२ सरकारी वित्त घाटालाई वाञ्छित सीमा भित्र राखी समग्र आर्थिक सन्तुलन एवं स्थिरता कायम गर्नु पर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ जनताका असीमित आकांक्षा पूरा गर्ने क्रममा सरकारले गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सार्वजनिक खर्च बढाउनु पर्ने आवश्यकता छ। यी दुई अवस्थाहरु बीच उपयुक्त सन्तुलन सुदृढ गरी नेपालको जस्तो विकासोन्मुख अर्थतन्त्रको रुपान्तरणको प्रक्रियालाई ठोसरुपमा क्रियाशील बनाउनु पर्ने टड्कारो चुनौती हाम्रो सामु रहेको छ ।

२.३ सरकारी क्षेत्रबाट सञ्चालित हुने विकास-निर्माणका कार्यहरुको लागि आवश्यक पर्ने साधनको लागि वैदेशिक सहायता माथिको अत्यधिक निर्भरताले अर्थतन्त्रको दीर्घकालीन संरचना र समष्टिगत आर्थिक सन्तुलनमा पार्न सक्ने नकारात्मक प्रभाव र सोबाट देशको विकास प्रयासको स्वस्थ्यता, स्थिरता र सुदृढतामा पर्न सक्ने सम्भावित जोखिमहरुको परिप्रेक्ष्यबाट हेर्दा पनि राजस्व परिचालनमा थप जोड दिन आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याई साधनको उच्चतम उपयोग हासिल गर्न, वैदेशिक सहायता अन्तर्गत उत्पादनशील अनुदानको परिमाण बढाउन, चालू खर्च व्यवस्थापनमा सुधार गर्न तथा पुँजीगत खर्च विस्तारमा तदारुकता ल्याउन आवश्यक देखिन्छ ।

२.४ कुल गार्हस्थ्य वचत र लगानीबीचको बढ्दो असन्तुलनको कारण भविष्यमा एकातर्फ विकास-निर्माणको नियमित प्रक्रियामा अड्चनहरु आउने र अर्कोतर्फ साधन व्यवस्थापन तथा विदेशी ऋण सेवाको कार्यमा जटिलताहरु थपिने हुन्छ। तसर्थ, विदेशी ऋण तथा सेवाको दायित्वलाई सरकारी वित्त क्षेत्र तथा समग्र अर्थतन्त्रको लागि दिगोरुपमा स्वस्थकर स्तरमा कायम राख्न मुख्यरुपमा अनावश्यक उपभोगमा नियन्त्रण गरी कुल गार्हस्थ्य वचत अनुपातमा वृद्धि गर्ने, अनुत्पादक चालू खर्चमा नियन्त्रण गर्ने र विकास खर्चको उत्पादनशील प्रयोग बढाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

२.५ राजस्व परिचालनको कार्यलाई गतिशील बनाउन हालका आर्थिक वर्षहरुमा राजस्व परिचालनको प्रवृत्ति सन्तोषप्रद रहेको छ। यो स्थितिलाई कायम राख्नका लागि राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व र त्यसमा पनि मूल्य अभिवृद्धि कर र आयकरको परिचालन बढाउन कर चुहावटका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सोको नियन्त्रणमा प्रभावकारिता ल्याउनु पर्ने चुनौती रहेको छ। राजस्व प्रशासनको चुस्तता, कार्यदक्षता तथा व्यवसायिकतामा अभिवृद्धि गर्नु अपरिहार्य हुने भएकोले यसतर्फ अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक व्यवस्थाहरु कार्यान्वयनमा ल्याउनु पर्ने चुनौती प्रवल वनेको छ ।

२.६ अर्थतन्त्रको उत्पादन र उत्पादकत्व वृद्धि नै राजस्व वृद्धिको दिगो आधार भएकोले राजस्वलाई आर्थिक वृद्धिसँग पूर्ण लचकदार बनाउने गरी दीर्घकालीन राजस्व नीतिको तर्जुमा हुनु पर्ने देखिन्छ। यस्तो नीति मार्फत स्वदेशी स्रोतको पूर्ण परिचालन गर्ने, विदेशी स्रोत आकर्षित गर्ने, दीर्घकालसम्म धान्न सक्ने गरी करको दायरा फराकिलो

बनाउने र आवश्यक समायोजन गर्ने जस्ता विषयहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ३. मूल्य तथा आपूर्ति

३.१ आर्थिक सुस्तताको भुमरीमा जकडिएको नेपाली अर्थतन्त्रले दोहोरो अंकको उच्च मूल्य वृद्धिको सामना गर्न परिरहेको विसंगतिपूर्ण वर्तमान अवस्थामा जनताको क्रयशक्ति र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा हाम्रो समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ । तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास, लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अझ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भिर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेकोले अर्थतन्त्रलाई सहज र स्वाभाविक ढंगले अगाडि बढाउन एवम् जनताको दैनिक जीवनयापनमा राहत पुऱ्याउन खासगरी यातायात व्यवस्थामा अडचन आउने खालका बन्द, हड्ताललाई पूर्णरुपमा प्रतिवन्ध लगाउने गरी पर्याप्त कानुनी व्यवस्था तत्काल तर्जुमा गर्ने र सो कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने राष्ट्रिय अपरिहार्यता बनेको छ ।

३.२ विश्व वजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आउँदा सोको असर नेपालको मूल्य स्थितिमा पनि पर्ने गरेको छ । पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन हुने व्यवस्था गर्दा विगतमा जस्तै एक्कासी चर्को मूल्यवृद्धिको समस्या नआउने हुनाले स्वतः मूल्य समायोजन प्रणाली अवलम्वन गर्नुको विकल्प छैन । त्यस्तो प्रणाली लागू नभएसम्मको लागि भएपनि अन्तर्राष्ट्रियरुपमा मूल्यमा आएको तीब्र ह्रासलाई हेरी पेट्रोलियम पदार्थको मूल्यमा पनि समानुपातिक रुपमा समायोजन गराई यसको Demonstrative Effect अन्य क्षेत्रमा पार्न र मूल्य घटाउन अप्रत्यक्ष उपायको रुपमा नैतिक दवाव (Moral Suasion) अबलम्बन गराउने चुनौती रहेको छ ।

३.३ मुलुकभरि छरिएर रहेका सहकारी संस्थाहरुको समुचित परिचालनबाट आपूर्ति व्यवस्थामा सघाउ पुग्ने भएकोले एकातिर वस्तु तथा सेवाको मूल्यमा निगरानी गर्न सकिन्छ भने अर्कोतिर सहज आपूर्ति हुंदा कृत्रिम अभाव सृजना हुने संभावना घटेर जान्छ । तसर्थ, सहकारी संस्थाहरुको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको समुचित आपूर्ति र बिक्री वितरणमा प्रभावकारिता ल्याउने चुनौती रहेको छ ।

३.४ मुद्रास्फीतिका कारणहरु मध्ये चिनी तथा चिनीजन्य वस्तुहरूको आकासिएको मूल्य वृद्धि पनि एक हो । चिनीको यथेष्ट आपूर्ति गर्न अल्पकालीन रुपमा आयात गर्नु पर्ने र दीर्घकालीन समाधानको रूपमा आन्तरिक उत्पादनलाई बढाउनु पर्ने हुन्छ । यसको निमित्त सरकारी, निजी क्षेत्र एवम् संयुक्त प्रयासलाई समुचित विकास गर्ने, चिनी कारखानाहरूको नियमित सञ्चालन सुनिश्चित गर्ने र उखु खेतीको विस्तार गर्ने चुनौती रहेको छ ।

३.५ विगतमा जस्तै विश्वव्यापीरूपमा आउने खाद्यान्न संकटको समस्यालाई निराकरण गर्न मौजुदा भण्डारण अवस्थामा सुधार गर्न आवश्यक देखिन्छ। साथै, खुला सिमानाका कारण नेपालका उत्पादनहरु (आलु, प्याज आदि) भण्डारणका लागि सिमावर्ती भारतीय बजारमा लैजाने गरिएकोले त्यसबाट मूल्यमा दोहोरो चाप देखापरेको छ। यस समस्याको निराकरण गर्न सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न मध्यवर्ती क्षेत्रहरुमा ती वस्तुहरुका अतिरिक्त अत्यावश्क नुन, तेल, चिनी, दाल एवं खाद्यान्नको भण्डारण व्यवस्था मिलाई आपूर्ति व्यवस्थापन नियमित गराउने चुनौती अद्यापि रहेको छ।

३.६ मौद्रिक विस्तारले मुद्रास्फीतिमा प्रभाव पार्ने भएकोले यसमा निरन्तर निगरानी राख्नु पर्ने हुन्छ। मौद्रिक नीतिको मूल उद्देश्य मूल्य स्थायित्व कायम गर्ने रहेकोले मौद्रिक व्यवस्थापन प्रभावकारी हुनु पर्नेमा कसैको दुई मत हुन सक्दैन। तसर्थ, मौद्रिक व्यवस्थापनबाट मूल्य स्थायित्व कायम गराउनको लागि मौद्रिक नीति कार्यान्वयनको मुख्य उपकरणको रुपमा रहेको खुला बजार कारोवार सञ्चालन (Open Market Operations) लाई सक्षम र सुदृढ बनाउनु पर्ने चुनौती रहेको छ।

## ४. मुद्रा तथा बैंकिङ्ग

४.१ वित्तीय क्षेत्रको उदारीकरण पश्चात् नेपालको वित्तीय संरचनामा निकै उत्साहजनक प्रगति भएको र बैंक/वित्तीय संस्था एवम् गैरवित्तीय संस्थाहरुको स्थापना र संचालन हुने क्रम प्रशस्त बढेर गएको छ। वित्तीय क्षेत्रको विस्तारसँगै वित्तीय समावेशीकरणको दायरा फराकिलो हुँदै गएको, पुँजी परिचालनको लागि सहज वातावरण बनेको र बैंकिंग क्षेत्रमा अवसरहरूको विस्तार भएको छ। बैंकिङ्ग व्यवसाय उच्च जोखिममा संचालन हुने क्षेत्र भएकोले यो व्यवसाय जति विस्तार हुँदै जान्छ जोखिमको मात्रा पनि बढ्दै जान्छ। तसर्थ, जोखिमको बढ्दो प्रवृत्तिलाई निगरानी गरी समग्रमा वित्तीय क्षेत्रलाई अझ सबल र सक्षम बनाउन नियमन र सुपरिवेक्षणको दायरा अझ फराकिलो बनाउनु पर्ने चुनौती रहेको छ।

४.२ मौद्रिक नीतिको प्रभावकारिता बढाउन र अर्थतन्त्रको गतिशीलताको लागि वित्तीय क्षेत्र सबल र सक्षम हुनु जरुरी छ। नेपालको वित्तीय प्रणालीमा दुई ठूला पुराना बैंकहरु नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको ठूलो हिस्सा रहेको छ। यी बैंकहरुको वित्तीय स्थितिमा सुधार ल्याउन केही वर्षदेखि वित्तीय क्षेत्र सुधार कार्यक्रम सञ्चालनमा रहेको छ। वित्तीय क्षेत्र सुधार कार्यक्रमबाट यिनीहरुको वित्तीय स्थितिमा केही सुधार आएपनि निष्क्रिय कर्जाको हिस्सा अझै ठूलै रहेको छ। दुवै बैंकको पुँजीकोष पनि नकारात्मक रहेको छ। यी बैंकहरुबाट विगतमा प्रवाहित कतिपय कर्जा असुल हुन नसक्दा कर्जा व्यवस्थापन स्वाभाविकरूपमा कमजोर हुन गई बैंकको समग्र स्वास्थ्यमा प्रतिकूल असर पर्न गएको छ। त्यसैले, निष्क्रिय कर्जाको हिस्सा घटाउने कार्यलाई अझै तीब्रता दिनुपर्ने चुनौती यथावत रहेको छ।

४.३ लघु वित्तसम्बन्धी कारोवार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरूको लागि लघु वित्तसम्बन्धी छाता ऐन जारी भइसकेको परिप्रेक्ष्यमा सेकेण्ड टायर संस्था (Second-Tier Institution) को स्थापना गरी लघु वित्त सम्बन्धी कारोवारमा संलग्न संस्थाहरूको आवश्यक नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनुपर्ने चुनौती रहेको छ ।

४.४ विपन्न बर्गमा कर्जा लगानी गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु कार्यरत रहेका र कर्जा लगानी, लक्षित बर्ग पहिचान एवम् क्षेत्र निर्धारण आदि विषयमा दोहोरो/तेहोरोपन जस्ता समस्याहरु देखा परेकोले लघुवित्त नीति, २०६४ को प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने ऐन नियम, निर्देशिका तथा कार्यक्रमहरुको तर्जुमा गर्न र ग्रामीण स्वावलम्बन कोषमा दिगो वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने चुनौती रहेको छ ।

४.५ वित्तीय क्षेत्रको सुधार र स्थायित्व कायम गर्ने सिलसिलामा निष्क्रिय कर्जा घटाउनु अत्यन्तै आवश्यक छ। विगत वर्षहरुमा पनि सम्पत्ति व्यवस्थापन निगमको स्थापनाको चर्चा र प्रयास भएपनि हालसम्म यसले मूर्तरुप लिन सकेको छैन। बैंक तथा वित्तीय संस्थाहरूमा ठूलो परिमाणमा रहेको निष्क्रिय कर्जा वित्तीय क्षेत्रको विकास तथा स्थायित्वको लागि प्रमुख चुनौतीको रूपमा रहेको छ। निष्कृय कर्जाको स्तरलाई घटाउने उपायको रूपमा ऋण असुली न्यायाधीकरण (Debt Recovery Tribunal) लाई सुदृढीकरण गर्न तथा सम्पत्ति व्यवस्थापन निगम स्थापना गर्नको लागि आवश्यक आर्थिक, भौतिक, जनशक्ति लगायत अन्य पूर्वाधारहरूको व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ ।

४.६ सुरक्षित कारोबार ऐन (Secured Transactions Act), २०६३ जारी भइसकेको छ। तसर्थ आर्थिक क्रियाकलापहरु प्रवर्द्धन गर्न र ऐनको भावना एवम् मर्मलाई मूर्तरुप दिन सुरक्षित कारोबार दर्ता कार्यालय सम्बन्धी स्थायी व्यवस्था अविलम्ब गर्नुपर्ने आवश्यकता रहेको छ।

४.७ बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय उपलब्धिको मूल्याङ्कन गर्नुका साथै यी संस्थाहरुको कार्य संचालनका विविध पक्षमा पारदर्शिता ल्याउनु जरुरी हुन्छ। क्रेडिट रेटिङ्ग संस्था (Credit Rating Agency) को स्थापना सम्बन्धमा नीतिगत व्यवस्थाहरु हुँदै आएतापनि हालसम्म यसको स्थापना हुन सकेको छैन। यस्तो प्रकृतिको संस्थाले वित्तीय बजारलाई बजार प्रक्रियामार्फत् नियन्त्रण गरी प्रतिस्पर्धी बनाउन र वित्तीय स्थिरता कायम गर्न सहयोग पुऱ्याउँछ। यस कार्यका लागि ख्यातिप्राप्त विदेशी क्रेडिट रेटिङ्ग संस्था समेतको संयुक्त लगानीमा देशभित्र एउटा क्रेडिट रेटिङ्ग संस्थाको स्थापना गर्नु उपयुक्त हुने देखिएको छ।

४.८ बैंक तथा वित्तीय संस्थाहरुको आर्थिक एवम् वित्तीय पक्षलाई दृष्टिगत गरी मुलुकको आर्थिक विकासको लागि बचतलाई प्रोत्साहन दिन, परिचालित बचतलाई पुँजी निर्माणमा लगाउन, बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनियता बढाउन, सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्न एवं अन्य विकसित तथा विकासोन्मुख मुलुकका वित्तीय

क्षेत्रमा देखिएको सकारात्मक पक्षलाई आत्मसात गर्न समेत निक्षेप वीमा सम्बन्धी व्यवस्था बारे विस्तृत विश्लेषण, मूल्याङ्कन सहित यसबारे आवश्यक नीतिगत अडान स्पष्ट पार्नुपर्ने आवश्यकता रहेको छ ।

## ५. पुँजी बजार

५.१ संस्थागत ऋणपत्र, सामूहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेको परिप्रेक्ष्यमा ट्रष्टीको नियमन सम्वन्धमा कुनै व्यवस्था नहुंदा धितोपत्र वजार विकासमा समेत प्रतिकूल असर परिरहेकोले ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ। वित्तीय बजार नियमन निकाय नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक तथा बीमा समितिको एकीकृत एवं समन्वयात्मक पहलमार्फत वित्तीय बजारको दक्ष एवं प्रतिस्पर्धी विकास गरी दीर्घकालीन पुँजी उपलब्धतामा बृद्धि ल्याई पूर्वाधारहरु निर्माण तथा अन्य विकास कार्यमा सहयोग पुऱ्याउनुपर्ने चुनौती रहेको छ ।

५.२ संस्थापक वा निजी तवरवाट विक्री (Offer for Sale) भएका धितोपत्रहरु सार्वजनिक कारोवार हुने र हक हस्तान्तरण (Rights Renounce) का लागि आवश्यक कानुनी व्यवस्थाहरु गरी कार्यान्वयनमा ल्याउने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

५.३ धितोपत्र बजार संयन्त्र तथा धितोपत्रमा गरिने लगानी केही प्राविधिक प्रकृतिका हुने हुंदा लगानी सम्बन्धी उचित परामर्श दिने र लगानी विविधीकरण (Portfolio Management) गर्ने व्यवसायिक संस्थाहरुको स्थापना तथा विकासलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, एकीकृत ऋणपत्र बजार (Integrated Debt Market) र Derivatives तथा Futures कारोवारको माग भइसकेकाले त्यस्तो बजार तथा कारोवार व्यवस्थाका लागि पूरा हुनुपर्ने पूर्वाधारहरुका सम्बन्धमा अध्ययन गरी आवश्यक अवधारणा तयार गरिनु वाञ्छनीय देखिन्छ ।

५.४ संस्थागत लगानीकर्ताहरुलाई उपयुक्त हुने लगानी साधनहरुको अभाव हुन नदिन डिवेञ्चर जारी गरी ऋण पुँजी उठाउने तथा सामूहिक योजना र एकांक योजनाको व्यवस्थापन कार्यको स्पष्ट नियमन व्यवस्था गरी धितोपत्र वजार मार्फत संस्थागत लगानीकर्ताहरुलाई साधन उपलव्ध गराउनु पर्ने हुन्छ। धितोपत्रमा लाग्ने कर सम्बन्धी ब्यवस्थालाई बजारको वर्तमान अवस्था अनुसार गराउनुपर्ने आवश्यकता छ। साथै, सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा स-साना बचतलाई प्रोत्साहित गरी लगानीको अप्रत्यक्ष साधनको विकास तथा प्रवर्द्धन गर्न सामूहिक लगानी योजना तथा नागरिक एकांक योजनाबाट प्राप्त प्रतिफलमा लागि आएको कर व्यवस्थामा पुनरावलोकन गर्नुपर्ने छ। सरकारी विकास ऋणपत्रको ब्याजदरमा एकरुपता ल्याई संस्था तथा व्यक्तिलाई लगाइने कर व्यवस्था एउटै हुनुपर्ने देखिन्छ। त्यस्तै, सम्झौतित बचत परिचालन गर्ने संस्थाहरुलाई विविधीकरणको सिद्धान्त अनुरुप लगानी गर्नमा संस्थापन ऐन (Incorporating Act) हरुमा रहेका बन्देज हटाई लगानी क्षेत्र छनौट स्वतन्त्रता प्रदान गर्नु आवश्यक छ ।

५.५ नेपाल धितोपत्र बोर्डको संस्थागत तथा आर्थिक संचालन नियमहरुमा स्वायत्तता र बोर्डको कानुन प्रवलीकरण, अनुगमन तथा सुपरिवेक्षण क्षमता अभिवृद्धिका लागि जनशक्तिको पर्याप्त व्यवस्था गर्नुपर्ने भएको छ। हाल धितोपत्र बजार तथा धितोपत्र व्यवसायी सेवाको पंहुच सीमित रहेको अवस्थामा विद्युतीय कारोवार प्रणाली र धितोपत्रको नामसारी तथा हक हस्तान्तरण प्रक्रियालाई छिटो छरितो तथा कारोवारमा संलग्न लगानीकर्ताहरुको सहज पहिचान हुने व्यवस्था गर्नुपर्ने भएको छ। त्यस्तै, धितोपत्रको दोस्रो बजार सेवा गैर आवासीय नेपाली तथा बैदेशिक संस्थागत लगानीकर्ताहरुलाई खुला गर्ने तथा धितोपत्र बजार सेवालाई देशव्यापी एवं अन्तर्राष्ट्रियकरण गर्ने कार्यमा ध्यान पुऱ्याउनु आवश्यक छ। साथै, नेपाल स्टक एक्सचेञ्ज लि. को स्वामित्व तथा व्यवस्थापन संरचनाको पुनरावलोकन गरी यसलाई आधुनिक संस्थागत स्वरुप प्रदान गर्नुपर्ने भएको छ। साथै, निजी क्षेत्रबाट धितोपत्र विनिमय बजार सञ्चालनका लागि पहल भइरहेकोले निजी क्षेत्रको कम्पनीलाई धितोपत्र विनिमय बजार सञ्चालन अनुमति दिने कार्य चुनौतीपूर्ण रहेको छ।

५.६ विश्वसनीय एवम् भरपर्दो निजी क्षेत्रको विकास अनुकूल हुने गरी सुशासनका सिद्धान्त तथा मर्यादाहरु प्रभावकारीरुपमा लागू गर्नुपर्ने आवश्यकता छ। सम्बन्धित लगानीकर्ताहरुलाई धितोपत्र बजार प्रवेश, वहिर्गमन, जोखिम तथा लाभ लगायत दीर्घकालीन लगानी सम्बन्धी पर्याप्त ज्ञान दिई प्रशिक्षित गर्ने कार्यको थालनी गर्नुपर्ने भएको छ।

५.७ धितोपत्र बजारलाई पारदर्शी एवं विश्वसनीय बनाउन सहयोग गर्ने गरी सूचीकृत संस्थाहरुको लेखापरीक्षण समय सीमा भित्र गर्नु पर्ने व्यवस्थाको पालना हुनुपर्ने छ। त्यस्तै, धितोपत्र दलाल व्यवसायीहरुको बजार प्रवेश बढाई धितोपत्र खरिद बिक्री सेवालाई दक्ष एवं प्रतिस्पर्धी बनाउन तथा धितोपत्र बजारप्रति सर्वसाधारण लगानीकर्ताहरुको विश्वास बढाउने बलियो आधार स्थापित गर्नका साथै निष्काशनकर्ता संगठित संस्था, धितोपत्र व्यवसाय, धितोपत्र विनिमय बजार तथा धितोपत्र नियमन कार्यमा संलग्न जनशक्तिको प्रशिक्षण एवं तालिम सेवाको संस्थागत व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ।

५.८ सरकारी विकास ऋणपत्रको प्राथमिक निष्काशनको खरिदमा ९९ प्रतिशत भन्दा बढी संगठित संस्थाहरुको सहभागिता, विकास ऋणपत्रको प्राथमिक निष्काशन तथा धितोपत्र विनिमय बजार मार्फत दोस्रो बजार कारोवार सुविधा सम्बन्धमा सर्वसाधारण लगानीकर्ताको अनभिज्ञताका कारणले समेत सरकारी विकास ऋणपत्रको दोस्रो बजार कारोवार सक्रिय हुन सकेको छैन। तसर्थ, सर्वसाधारण लगानीकर्ताहरुलाई विकास ऋणपत्रको प्राथमिक निष्काशनमा सहभागिता एवं दोस्रो बजार कारोवारमा निहित जोखिम तथा लाभका सम्बन्धमा प्रशिक्षण दिन र यसबारे प्रचारप्रसार गरी आम लगानीकर्ताको अभिरुची अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। साथै, लगानीकर्तालाई सेयर, ऋणपत्र तथा अन्य धितोपत्रका सम्बन्धमा व्यवसायिक रेटिङ्ग सेवा प्रदान गर्नका लागि क्रेडिट रेटिङ्ग संस्थाको स्थापना एवं विकासको आवश्यकता रहेको छ।

## ६. वाह्य क्षेत्र

६.१ निर्यात सूचीमा परेका वस्तुहरुको यथेष्ट परिमाण उपलब्ध नहुनु तथा सहज रुपमा कुन वस्तु कुन गन्तव्यस्थलमा पुऱ्याउँदा बढी प्रतिफल प्राप्त गर्न सकिन्छ भन्ने सूचनामा इच्छुक निर्यातकर्ता सबैको पहुँच नहुनु पनि निर्यात प्रवर्द्धनतर्फको एक चुनौती रहँदै आएको छ। साथै, देशगत तथा वस्तुगत विविधीकरणका साथै वस्तुहरुको गुणात्मक तथा लागतजन्य प्रतिस्पर्धात्मक अभिवृद्धि गर्दै देशको निर्यात क्षेत्रलाई सुदृढ ढंगले प्रवर्द्धन गर्नेतर्फ ठोस उपलब्धि अहिलेसम्म पनि हासिल हुन नसक्नु अर्थतन्त्रको विकास र विस्तारका लागि एक प्रमुख चुनौतीको रुपमा रहेको छ।

६.२ विश्व वित्तीय सङ्कट गहिरिंदै विश्व अर्थतन्त्र तीब्र संकुचनतर्फ बढ्दै जाँदा त्यसको असर नेपालमा क्रमशः देखिन थालेको छ। परम्परागत निर्यातजन्य वस्तुहरु गलैंचा, पश्मिना र तयारी पोशाक निर्यातमा तत्काल असर नपरेता पनि मध्यम कालमा केही प्रभावित हुने, अर्थतन्त्रलाई दह्रो टेवा पुऱ्याइरहेको वैदेशिक रोजगारी र त्यसबाट प्राप्त हुने विप्रेषण आयमा गम्भीर असर पर्न सक्ने आदि जोखिमयुक्त संभावनाहरु रहेकोले निर्यात व्यापार र वैदेशिक रोजगारीलाई समुचितरुपमा प्रवर्द्धन गर्दै लैजाने चुनौती रहेको छ।

६.३ औद्योगिक उन्नति, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा उच्च मूल्यका वस्तुहरुको बजारमा प्रवेशको लागि प्राविधिक कौशलता (technological mastery) अति नै आवश्यक शर्त हो। प्राविधिक तथा व्यवस्थापकीय कमजोरीका कारण आयातकर्ताहरुले माग गरे बमाजिम गुणस्तर, नापतौल, डेलिभरी समय तथा प्याकेजिङ्ग सम्बन्धी विस्तृत र जटिल मापदण्ड पुरा गर्न नेपाली निर्यातकर्ताहरुलाई कठिनाइ भइरहेको छ। अन्तर्राष्ट्रिय बजारमा व्याप्त प्रतिस्पर्धालाई मध्यनजर गर्दा निर्यातकर्ताहरुले खरीदकर्ताहरुसँग महत्वपूर्ण मूल्य सम्झौता गर्दा उत्पादन लागतका विविध तत्वहरुको विश्लेषणात्मक जानकारी राख्न आवश्यक हुन्छ। निर्यातकर्ताहरुमा त्यस्तो क्षमताको अपर्याप्तताले गर्दा यस समस्यालाई व्यापार संस्कृति (business culture) को भिन्नताले झन् जटिल वनाएको छ। तसर्थ व्यापार संस्कृतिमा परिवर्तन, उत्पादन क्षमतामा सुधार र उन्नत प्रविधिको प्रयोगद्वारा उत्पादकत्व एवं प्रतिस्पर्धात्मक क्षमतामा उल्लेख्य विकास गर्ने चुनौती रहेको छ।

६.४ गैर आवासीय नेपालीहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले *गैरआवासीय नेपाली सम्बन्धी ऐन* पारित भइसकेको छ तथापि ऐन सम्बन्धी कतिपय नियम विनियमहरु तर्जूमा गरी लागू गर्ने कार्य अझै बाँकी नै छ। गैर आवासीय नेपालीले १० करोड अमेरिकी डलर बराबरको लगानी कोष खडा गर्ने प्रतिबद्धता जाहेर गरेतापनि आवश्यक कानुनी पूर्वाधारको अभावले गर्दा यो कार्य अघि बढ्न सकेको छैन। तसर्थ, *गैर आवासीय नेपाली सन्बन्धी ऐन*को प्रभावकारी कार्यान्वयनको निमित्त आवश्यक बाँकी सबै कानुनी प्रावधानहरु तर्जुमा गर्ने चुनौती रहेको छ।

६.५ विगत केही वर्षदेखि संकटग्रस्त तयारी पोशाक उद्योगले विश्व आर्थिक संकुचनका कारण थप चुनौती झेल्नुपरेको छ। कोटा प्रणालीको अन्त्य, चर्को अन्तर्राष्ट्रिय

प्रतिस्पर्धा, श्रमिक समस्या र बारम्बारको बन्द हड्ताल तयारी पोशाक उद्योग धराशायी हुनुका प्रमुख कारण भनिन्छ। लोडसेडिङ्ग, यातायात अवरोध र श्रमिकहरुले विभिन्न माग राखी गर्ने उद्योग बन्दले समयमा सामान डेलिभरी गर्न समस्या हुने गरेको छ। यस सन्दर्भमा नेपाली तयारी पोशाकको निर्यातलाई कसरी दिगो बनाउने भन्ने चुनौती झन् जटिल बन्दै गएको छ।

६.६ निर्यात क्षेत्रको एउटा प्रमुख समस्या भनेको बजार विविधीकरणको कमी हो। उदाहरणको लागि, २०६५/६६ मा बंगलादेश, संयुक्त राज्य अमेरिका, जर्मनी र चीनतर्फ भएको निर्यात तेस्रो मुलुकतर्फ भएको निर्यातको करीब ६३ प्रतिशत रह्यो। वस्तु तथा बजार विविधीकरणका कुराहरु हरेक विकास योजना र सरकारका नीतिहरुमा उल्लेख गरिएतापनि निर्यातमूलक वस्तुको विकास, निर्यात बजारको पहिचान र यी दुईबीच सम्बन्ध स्थापित गर्न खासै कुनै गम्भीर कदम चालिएको छैन। विश्व व्यापारको वर्तमान उदारीकृत संयन्त्रबाट अर्थतन्त्रलाई लाभान्वित गराउन विश्वबजारमा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले यी विषयहरुतर्फ आवश्यक कदम चाल्न जरुरी भएको छ। यसका लागि विभिन्न अध्ययन (सन् २००६ मा अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको तुलनात्मक लाभ सम्बन्धी अध्ययन, सन् २००७ मा अन्तर्राष्ट्रिय व्यापार केन्द्र र व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रले संयुक्तरुपमा गरेको निर्यात संभावनाबारे अध्ययन आदि) ले सिफारिस गरेका सुझावहरुलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिएको छ। साथै, नेपाल साफ्टा, बिमस्टेक, विश्व व्यापार संगठन जस्ता क्षेत्रीय र बहुपक्षीय संगठनहरुको सदस्य भइसकेको र क्षेत्रीय बजार र विश्व बजार खुला भएको परिप्रेक्ष्यमा यसबाट नेपाली अर्थतन्त्रलाई अधिकतम लाभ हासिल गराउन अन्तर्राष्ट्रिय व्यापारमा देखिएका विभिन्न समस्याहरुको निराकरणका लागि नीतिगत, संस्थागत र संरचनागत सुधारका कार्यहरुलाई घनीभूत गराउनु पर्ने चुनौती रहेको छ।

## ७. गरिबी निवारण र रोजगारी

७.१ गरिवी निवारणका कार्यक्रमहरुमा पुनर्समायोजन र पुनर्अभिमूखीकरण गरी अझ विपन्न-मैत्री बनाउनुपर्ने खाँचो टड्कारो भएको छ। गरिवी न्यूनीकरणको प्रयासलाई नीतिगत एवम् कार्यक्रमगतरुपमा निरन्तरता दिई गरिब र धनी बीच बढ्दै गएको असमानताको अन्तरलाई कम गर्नु पर्ने चुनौती यथावत छ। विद्यमान गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (PMAS) र जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) लाई समयानुकूल अद्यावधिक गरी गरिवी न्यूनीकरणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमामा उपयोगी उपकरणका रुपमा प्रयोग गर्ने अभ्यास वढाउँदै लग्नुपर्ने देखिन्छ।

७.२ रोजगारीका अवसरहरूमा गरिब समुदायको पहुँच बढाउन तिनीहरूको क्षमता विकास र सशक्तीकरणमा जोड दिई प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नु आवश्यक छ। साथै, आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका आम नेपालीलाई गरिबी एवम् पछौटेपनबाट मुक्त गर्न सामाजिक समावेशीकरण एवम् लक्षित कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ। स्थानीय सीप,

पुँजी र प्रविधिमा वहुसंख्यक जनताको आवश्यक पहुँच बढाई स्वदेशी उद्यमशीलताको विकासद्वारा उत्पादनशील स्वरोजगार प्रवर्दन गर्नु वाञ्छनीय हुने देखिन्छ ।

७.३ वैदेशिक रोजगारमा ठगि सम्वन्धी अनुसन्धान तहकिकात जस्ता कार्यहरु छिटो, छरितो र समयमै सम्पन्न गर्ने कार्य प्राथमिकताका साथ अगाडि बढाई वैदेशिक रोजगारीका सुरक्षित अवसर उपलव्ध गराउन प्रयत्नरत रहनु प्रमुख आवश्यकताको रुपमा रहेको छ। नेपाल सरकारले वैदेशिक रोजगारीका लागि खुला गरेका १ सय ७ वटा मुलुकहरुबाट इजाजत प्राप्त संस्थाहरुले प्राप्त गर्ने वैदेशिक रोजगार सम्वन्धी कागजातहरु रुजु गर्ने कार्य समस्या बनेकोले यस सम्बन्धी कार्य सम्पादन गर्ने उपयुक्त वैकल्पिक व्यवस्था निर्माण गर्नु पनि त्यत्तिकै अपरिहार्य बनेको छ ।

७.४ कृषि पेशालाई भरपर्दोरूपमा विकास गर्न नसकिएकोले कृषि व्यवसाय निर्वाहमुखी भई कम उत्पादन र कम आम्दानीमूलक पेशा हुन पुगी अर्द्ध-रोजगारी र सुषुप्त रोजगारी अझै कायम रहेको देखिन्छ। कृषि क्षेत्रमा विद्यमान बढ्दो अदृष्य बेरोजगारी सिर्जनालाई घटाई नयाँ रोजगारीको सृजना गरी ग्रामीण क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउनुपर्ने चुनौती रहेकोछ ।

## ८. कृषि, उद्योग र पर्यटन

८.१ कृषि क्षेत्रको विकास र आधुनिकीकरण हाम्रो अर्थतन्त्रको प्रमुख चुनौतीको रुपमा रही आएको छ । यस क्रममा निजी क्षेत्रको संलग्नतामा कृषि प्रसार सेवा प्रवाह गराउने नीतिगत व्यवस्था लागू भएपछि मन्त्रालयको संगठनात्मक संरचनामा परिवर्तन गरी कृषि प्रसार सेवातर्फका सेवा केन्द्र/उप-केन्द्रहरुको संख्या घट्न गएको छ तर कृषि प्रसार कार्यमा निजी क्षेत्र वाञ्छित मात्रामा आकर्षण हुन नसक्दा सेवा प्रवाहमा कमी महसुस भएको छ। साथै, द्वन्द्वबाट ध्वस्त भएको भौतिक संरचना पुनर्निमाणको काम हुन नसकेकोले फार्म, केन्द्र तथा कार्यालयका जीर्ण भौतिक संरचनाको कारण गुणस्तरीय उत्पादन तथा सेवा प्रवाहमा समस्या परिरहेको छ ।

८.२ सिंचाइ प्रयोजनको लागि उपयोग हुने विद्युतमा सहुलियत प्रदान गर्ने नीतिगत व्यवस्था रहेको छ। यस प्रयोजनको लागि जडान गर्ने मिटरमा किसानले विद्युत उपयोग नगरेको अवस्थामा पनि न्यूनतम मासिक रुपमा शुल्क बुझाउनु पर्ने हुँदा विद्युतको महसुलमा किसानले सहुलियत सुविधा पाएको महसुस गर्न सकेका छैनन् ।

८.३ स्थानीय तहमा लामो समय देखि निर्वाचित जनप्रतिनिधिहरु परिपूर्ति भइनसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन नियमको मर्म अनुरुप कार्य हुन नसकी निक्षेपित कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयनमा जटिलता आएको कारण निक्षेपित कार्यक्रमबाट अपेक्षित उपलव्धि हासिल हुन सकेको छैन। साथै, कृषि क्षेत्रमा काम गर्ने NGO/INGO का कार्यक्रमहरु बारे औपचारिक जानकारी नहुँदा जिल्लामा गएको श्रोतको पहिचान नहुने एवं कार्यक्रममा दोहोरोपना आउने समस्या रहेको छ ।

८.४ कृषि उपज अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न विश्व बजार संगठन सम्बन्धी गुणस्तर मापदण्ड पूरा गर्न आवश्यक पूर्वाधारको कमी रहेको छ। खाद्य सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय स्तरको नीतिको थप आवश्यकता देखिएको छ।

८.५ रासायनिक मलको आपूर्ति माग प्रक्षेपणको तुलनामा अति न्यून रहन गएको छ। अन्तर्राष्ट्रिय बजारमा मलको मूल्यमा हुँदै गएको अत्यधिक वृद्धिका कारण मल आयातमा मूल्य बृद्धिको प्रत्यक्ष असर परेको छ। अनौपचारिक स्रोतबाट पनि मल आपूर्तिका कारण किसानले मल अभावको अनुभव गर्नु नपरेता पनि मल खपतको वास्तविक लेखाजोखा हुन नसकेको अवस्था छ। साथै, मलको गुणस्तरको अनुगमन हुन नसकेको हुँदा कमसल मल भित्रिएको गुनासो रहेको छ।

८.६ तराई क्षेत्रमा उत्पन्न असहज परिस्थिति, कमजोर औद्योगिक सुरक्षा, मजदूर व्यवस्थापन बीच उत्पन्न तनाब, समय समयमा भएका बन्द हड्ताल, लोडसेडिङ र पेट्रोलियम पदार्थको अभाव आदि जस्ता समस्याका कारण उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिदरमा प्रतिकूल प्रभाव परेको छ। कच्चा पदार्थको मूल्यमा भएको वृद्धि, आपूर्तिमा ह्रास, बन्द हड्ताल, विद्युत अभाव आदिका कारण चिनी, जुट र खाद्यान्न उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। उद्योगले आफ्नो प्राविधिक क्षमता र प्रशोधन प्रविधिमा समयानुकूल सुधार गर्न नसक्दा अप्रतिस्पर्धी भई बन्द र रुग्ण हुन पुगेका छन्। त्यस्तै, आयातीत सस्तो कपडा एवं चोरी पैठारीका कारण कपडा उद्योग बन्द भएका छन्। यसरी, औद्योगीकरणको प्रकिया गतिशील हुन नसकेको चुनौतीपूर्ण अवस्था विद्यमान नै छ।

८.७ नेपाल भ्रमणमा आउन इच्छुक विभिन्न देशका पर्यटकहरुलाई सोझै नेपाल सम्म आउनसक्ने भरपर्दो हवाइसेवाको सञ्जाल अपेक्षितरुपमा विस्तार गर्न सकिएको छैन। विदेशी पर्यटकहरुका लागि आवश्यक सेवा समयमै उपलब्ध गराउनु पर्नेमा पर्याप्त सूचनाको अभावमा स्वदेशभित्रै होटल, ट्राभल र टूर अपरेटरहरुबीच संजाल स्थापना गर्न नसक्नाले पर्यटकले थप हैरानी व्यहोर्नु परेको अवस्था छ। पर्यटन क्षेत्रका साझेदार सरकारी, गैरसरकारी एवं निजी लगानीकर्ताहरु पूर्वाधार विकासमा भन्दा प्रबर्द्धनात्मक कार्यमा बढी संलग्न हुँदा यो क्षेत्रले लगानीमा प्राथमिकता पाउन सकेको छैन। द्वन्द्वकालमा क्षतिग्रस्त संरचना (विमानस्थलहरु) को पुनर्निर्माण एवं विस्तार कार्य श्रोतको अपर्याप्तताका कारण सञ्चालनमा ल्याउनु चुनौतीपूर्ण कार्य भएको छ। साथै, सडक, खानेपानी, विद्युत, सञ्चार जस्ता पूर्वाधार सेवा र निर्माण सम्बन्धी कार्यहरु समन्वयात्मकरुपमा अगाडि बढाउन नसक्दा पर्यटन प्रवर्द्धनमा कठिनाइ उत्पन्न भएको छ। पर्यटकीय स्थलहरुको पहिचान गरी ती क्षेत्रमा पूर्वाधारको एकीकृत एवं समन्वयात्मक विकासका सम्भावनालाई उपयोग गर्न सकिएको छैन भने प्राप्त लाभको न्यायोचित वितरण गर्नु पनि चुनौतीपूर्ण देखिएको छ।

८.८ पर्यटन विकासका सम्भावना तथा अवसरहरु प्रशस्त भएपनि यसलाई उपयुक्त स्तरमा विकास गरी आय आर्जनमा रुपान्तरण गर्न नसक्नु तथा ग्रामीण गरिबी निवारणका लागि पर्यटन कार्यक्रमको उपलब्धिलाई मूल्याङ्कन गरी दिगो विकासका कार्यक्रमहरु सुरु

गर्नु चुनौतीपूर्ण कार्यहरु बनेका छन् । आवश्यक मात्रामा स्थानीय उत्पादन उपलब्ध नहुँदा पर्यटकले उपभोग गर्ने सेवा र वस्तुको परिचालन एवं उपभोगबाट प्राप्त हुने लाभ अपेक्षित मात्रामा प्राप्त गर्न सकिएको छैन । यथेष्ट श्रोत, संगठनात्मक संरचना, तथ्याङ्क एवं सूचनाको अभावमा सम्पदा संरक्षण कार्यलाई प्रभावकारी बनाउन सकिएको छैन । पर्यटनजन्य क्रियाकलापलाई वातावरणमैत्री बनाई सञ्चालन गर्नु पनि चुनौतीपूर्ण कार्य बनेको छ। स्थानीय निकायको संलग्नता र सक्रियता विना पर्यटन क्षेत्रको विकास दिगो हुन नसक्ने अवस्था हुँदाहुँदै पनि यस सम्बन्धी व्यवस्थापकीय, नीतिगत र कानुनी व्यवस्था गर्न नसक्दा जिम्मेवारी, स्वामित्व सिर्जना र समन्वयमा प्रभावकारिता आउन सकेको छैन ।

## ९. सार्वजनिक संस्थान

९.१ अधिकांश सार्वजनिक संस्थानहरु घाटामा रहेका र कतिपय संस्थानहरुको खुद सम्पत्ति (Networth) नकारात्मक रहेको छ। यी संस्थानहरुले ठूलो मात्रामा उपदान, पेन्सन, कर्मचारी संचय कोष आदि सुविधाहरुको कोषको व्यवस्था नगरिएको दायित्व (Unfunded Liability) सिर्जना गरिरहेकाछन् जसबाट संस्थानलाई ठूलो आर्थिक भार पर्ने देखिन्छ। घाटामा रहेका संस्थानहरुले सरकारमाथि निर्भरता बढाउदै लगेको र नाफामा रहेका संस्थानहरुमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढिरहेको छ। कतिपय संस्थानहरुले लामो समयसम्म आफ्नो वार्षिक हिसाव तयार नगर्ने र कैयौ वर्षसम्म लेखापरीक्षण नगराएको कारणबाट संस्थानप्रतिको जनविश्वासमा ह्रास आउने र संस्थान सुधारको कार्यलाई समेत प्रतिकुल प्रभाव पार्ने अवस्था देखिएको छ। संस्थानहरुमा उपयुक्त र नविनतम प्रविधिको अभाव छ। साथै, चालू पुँजीको अभाव पनि ठूलो चुनौतीको रुपमा रहेको छ।

९.२ संस्थान सञ्चालन घाटामा भएपनि दरवन्दीको यथार्थ विवरण सार्वजनिक नगर्ने र कर्मचारी संङ्ख्यालाई उपयुक्त आकार (Rightsizing) मा ल्याउने सम्बन्धी सरकारी नीतिको उपेक्षा हुने गरी थप कर्मचारी भर्ना गर्ने प्रवृत्तिले संस्थानको शिरोभार खर्च बढ्दै गएको देखिन्छ। यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल प्रतिवद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नु पर्ने आवश्यकता देखिएको छ। कर्मचारीहरुको नियुक्ति सम्बन्धमा र यिनीहरुलाई उपलब्ध गराउने सुविधाको सम्बन्धमा स्पष्ट (Coherent) नीतिको अभाव पनि एउटा चुनौती रहेको छ। सार्वजनिक संस्थानहरुमा आवश्यक दक्ष जनशक्तिको कमी र अदक्ष जनशक्ति आवश्यकताभन्दा बढी भएको अवस्था अर्को चुनौतीको रुपमा छ।

९.३ देशको आर्थिक विकासमा संस्थानले निर्वाह गर्नुपर्ने महत्वपूर्ण भूमिकालाई उदार, खुला तथा प्रतिस्पर्धात्मक अर्थव्यवस्था अनुकूल हुनेगरी समायोजन गर्दै जानुपर्ने खाँचो महसुस गरिएको वर्तमान सन्दर्भमा संस्थानको लक्ष्य प्राप्तिमा देखिएको समष्टिगत प्रगति स्थितिमाथि सन्तोष लिन सकिने अवस्था देखिंदैन। सरकार परिवर्तनसंगै संचालक समितिका सदस्यहरु तथा प्रमुख व्यवस्थापकको परिवर्तन समेतले गर्दा

संस्थानहरुको व्यवस्थापन र सञ्चालनले समयानुकूल गति लिन सकेको देखिदैन । केही संस्थानहरुलाई बजार भाउ अनुसार मूल्य निर्धारण गर्न स्वतन्त्रता प्रदान गर्न नसकिएको कारणबाट ती संस्थानहरुको अस्तित्वमाथि नै चुनौती आएको देखिन्छ । यसको ज्वलन्त अनुभव नेपाल आयल निगम लि. को रहेको छ । यी चुनौतीहरुको दीर्घकालीन समाधान आवश्यक छ । संस्थानको अनुगमन तथा निरीक्षणको लागि स्पष्ट नीति र संयन्त्रको अभाव देखिन्छ । सम्बन्धित मन्त्रालयहरुले आफू अन्तर्गतका संस्थानहरुको अनुगमन, निरीक्षण गर्ने कार्य प्रभावकारी बनाउनु पर्ने आवश्यकता रहेको छ ।

## १०. ऊर्जा तथा वन

१०.१ नेपाल सरकारको सार्वजनिक-निजी साझेदारी अवधारणाअनुसार नवीकरणीय ऊर्जा क्षेत्रका सरोकारवाला निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रम अगाडि बढाउनु उपयुक्त हुने देखिन्छ । नवीकरणीय ऊर्जा कार्यक्रमहरू मागको आधारमा जडान गरिने हुँदा र केन्द्रसँग पर्याप्त मानव संशाधनहरू नभएको हुँदा निजी क्षेत्रको सहयोग अनिवार्य नै रहेको छ । यस क्षेत्रमा निजी क्षेत्रको संलग्नता वृद्धि गर्नु ठूलो चुनौती रहेको छ ।

१०.२ देशमा विद्यमान वैकल्पिक ऊर्जा प्रवर्द्धनका प्रमुख क्षेत्रहरूमा वायोग्याँस, लघु जलविद्युत्, सौर्य शक्ति तथा वायुशक्ति रहेता पनि यस्ता स्रोतहरूको अपेक्षित परिमाणमा उपयोग गर्न सकिएको छैन । यसरी वैकल्पिक ऊर्जाका स्रोतहरूको समुचित विकास हुन नसक्नुमा आर्थिक स्रोतको पर्याप्त व्यवस्था हुन नसक्नु तथा शान्ति सुरक्षाको स्थितिमा अपेक्षित सुधार हुन नसक्नु जस्ता पक्षहरू चुनौतीको रूपमा रहेका छन् ।

१०.३ वैकल्पिक ऊर्जाको विकास र विस्तारका लागि नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरूको अनुदान सहयोगमा विभिन्न कार्यक्रम तथा आयोजनाहरू सञ्चालन भइरहेका छन् तर कार्यालयको भौतिक पूर्वाधार, प्रविधि र जनशक्ति सोहीअनुसार विकास नहुँदा कार्यमा वाधा पुगेको छ ।

१०.४ आर्थिक विकासका दृष्टिले अत्यन्त मह¾वपूर्ण मानिएको जल विद्युत् उत्पादन क्षेत्रको समूचित उपयोग हुन नसकी अधिकांश जनता विद्युत सेवाको पहुँचबाट बाहिर छन् भने उत्पादित जलविद्युतको उच्च लागतका कारण निर्यातको सम्भावनासमेत न्यून रहेको छ । यसर्थ, उपलब्ध सम्पदाको समूचित उपयोग गरी विद्युतको घरेलु माग पूर्ति गर्नुका साथै विद्युत उत्पादनमा लागत घटाउने प्रविधिको खोजी तथा उपयोग गरी भविष्यमा यसको निर्यात बढाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्य चुनौतीको रूपमा रहेको छ ।

१०.५ वन क्षेत्र भू-माफिया, सुकुम्बासी र मु¾ कमैया वसोवास तथा भौतिक संरचना विकास आदिको नाममा बढ्दो अतिक्रमणको चपेटामा परेकोले ४० प्रतिशत वन क्षेत्र कायम राख्ने नेपाल सरकारको प्रतिवद्धतामा प्रश्नचिन्हको साथै वनको हैसियत र जैविक विविधतामा ह्रास आउनुका साथै यसवाट जलवायु परिवर्तन जस्ता नकारात्मक असर

नेपालमा बढेको छ । वन क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा पारेको योगदानको तुलनामा यस क्षेत्रमा सरकारको लगानी साह्रै कम रहेको देखिन्छ ।

१०.६ जिल्लास्थित वन कार्यालय, इलाका वन कार्यालय र रेन्जपोष्टहरूको भौतिक संरचनामा विगतको समयमा भएको क्षतिले गर्दा कार्यक्रम सञ्चालन तथा कार्यान्वयनमा कठिनाइ भइरहेको छ । सवारी साधन र हातहतियारको कमीले गर्दा वन पैदावारको तस्करी र अवैध शिकार नियन्त्रणमा कठिनाइ भइरहेको छ । चोरी शिकारी नियन्त्रण गर्न कठिनाइ हुनु, केही निकुञ्ज आरक्षका मध्यवर्ती क्षेत्रहरूमा भएको अतिक्रमण रोक्न नसक्नु र अनियन्त्रित आगलागीबाट हुने क्षति रोक्न नसक्नु पनि चुनौतीका रूपमा रहेका छन् ।

१०.७ एघार वटा संरक्षित क्षेत्रहरूको मध्यवर्ती क्षेत्र घोषणा हुँदा व्यवस्थापनको जिम्मेवारी बढेता पनि हालसम्म जनशक्तिको व्यवस्था हुन नसकेकोले मध्यवर्ती क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न कठिनाइको साथ साथै निकुन्ज/आरक्ष व्यवस्थापनमा पनि असर परेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ लाई समयानुकूल संशोधन गर्नुपर्नेमा सो हुन नसकेकोले विद्यमान समस्याहरू सम्बोधन गर्न गाऱ्हो भएको छ। थप संरक्षण क्षेत्रहरू घोषणा गरी सोको व्यवस्थापन गर्नु पर्ने आवश्यकता पनि रहेको छ। विभिन्न १० वटा भू-संरक्षण कार्यालयहरू अस्थायी भएकोले भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गर्नमा बाधा आइपरेको छ। साथै, मागको तुलनामा कार्यक्रमहरू थोरै मात्र रहेका छन् ।

१०.८ ध्वस्त भौतिक संरचना पूर्णरूपमा पुनः निर्माण हुन नसक्नु, मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि जनशक्तिको अभाव हुनु, यस क्षेत्रको महत्व/योगदानसम्बन्धी पर्याप्त अध्ययन अनुसन्धान हुन नसक्नु, श्रोत साधनको अपर्याप्तता, साइटिस बिलको मस्यौदा स्वीकृत नहुनु र वन्यजन्तुबाट हुने जनधनको क्षतिपूर्ति न्यून गर्ने उपायसम्बन्धी कार्यक्रमको अभाव रहनु जस्ता विविध समस्या/चुनौती रहेका छन् ।

## ११. यातायात तथा सञ्चार

११.१ Vehicle Fitness Test Machine तथा Vehicle Test Center को अभावमा सवारी साधन परिक्षणमा प्राविधिक त्रुटि रहने गरेको एवम् एकरूपता हुन सकेको छैन । संगठन संरचना एवम् विद्यमान कार्य प्रणालीमा समयानुकूल सुधार हुन नसक्नुका साथै वैज्ञानिक कार्यप्रणाली, कम्प्यूटरीकृत अभिलेख र नेटवर्किङ्को माध्यमबाट कार्य सम्पादन हुन नसकेकोले सेवा प्रवाहमा शीघ्रता आउन सकेको छैन ।

११.२ यातायात व्यवस्थापनको क्षेत्रमा दीर्घकालीन छुट्टै यातायात व्यवस्थापन नीति नहुनु, सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली समयानुकूल संशोधन हुन नसक्नु, वैज्ञानिक भाडादर निर्धारण हुन नसक्नु र ऐनले यातायात निरीक्षक राख्ने व्यवस्था गरेको भए पनि हालसम्म यातायात निरीक्षक राख्न नसकिनु पनि समस्याको रूपमा रहेका छन् । सवारी चालक अनुमतिपत्र एवम् सवारी दर्ता प्रमाणहरूलाई समयानुकूल

आधुनिक तथा वैज्ञानिक गर्न नसकिएकोले यस सम्बन्धमा अनुगमन गर्न गाऱ्हो भएको छ ।

११.३ सार्वजनिक सवारी साधनमा सीटभन्दा बढी यात्रु राख्ने, झुण्डाएर यात्रु बोक्ने, छतमा यात्रु राख्ने, यात्रुवाहकले व्यवसायी सामान बोक्ने, सवारी साधन जथाभावी राख्ने आदि समस्या टड्कारोरूपमा रहेको छ । यसबाट दुर्घटनाहरू बढेका छन् । तेस्रो पक्ष वीमा व्यवस्था कार्यान्वयन गर्न नसक्नु, सिण्डिकेट प्रथा कायमै रहनु र कार्यालय र कर्मचारीको सुरक्षा व्यवस्था कमजोर रहनु पनि समस्याका रूपमा रहेका छन् । सडक यातायातको विकासमा भौगोलिक जटिलता, सडक निर्माणका क्रममा आवश्यक पर्ने भौतिक सामग्रीको अनुपलब्धता, समयमा कार्यक्रम स्वीकृत हुन नसक्नु, जनसहभागिताको परिचालन पर्याप्त मात्रामा हुन नसक्नु जस्ता चुनौतीहरू विद्यमान छन् ।

११.४ ICAO को सदस्य राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उडान सुरक्षाको स्तर कायम राख्नु प्रमुख दायित्व भएको छ । विभिन्न वायुसेवा कम्पनीहरूले सञ्चालन गरेका विभिन्न प्रकारका वायुयानहरूको उडान सुरक्षासम्बन्धी जाँच, नियमन, अनुगमन तथा निगरानीका लागि आवश्यक योग्य जनशक्ति प्राधिकरणमा अपर्याप्त हुनाको साथै मौजुदा जनशक्ति पनि संस्था छाडी बाहिर पलायन हुने समस्या टड्कारोरूपमा देखिएको छ । यसर्थ, दक्ष एवम् विशेषज्ञ जनशक्तिको विकास तथा मौजुदा दक्ष जनशक्तिको Retention का लागि नेपाल सरकार, प्राधिकरण र वायुसेवा कम्पनीहरूबाट समुचित व्यवस्थाका लागि पहल हुनु जरूरी भएको छ । विभिन्न पेशागत/प्राविधिक जनशक्तिको अपर्याप्तताले गर्दा आयोजना सञ्चालन तथा दैनिक अपरेसन कार्यमा समेत वाधा परिरहेकोले संगठन संरचना पुनरावलोकन गरी आवश्यक दरवन्दी व्यवस्था तथा पदपूर्तिद्वारा सोको समाधान हुनु आवश्यक भएको छ ।

११.५ नेपालको भौगोलिकस्वरूप तथा जटिलताले गर्दा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको अपरेसन समय विस्तार गरी बढी भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाहरूलाई आकर्षित गर्न आधुनिक उड्डयन सहायक उपकरण सुविधा जडान गर्न आर्थिक तथा प्राविधिक कारणले कठिनाइ भएको छ । साथै, विभिन्न विमानस्थलहरूको विकास निर्माण तथा विस्तारका लागि प्राधिकरणको आन्तरिक श्रोतले धान्न कठिन भएकोले नेपाल सरकारबाट वैदेशिक सहयोग जुटाउन पहल हुनु जरूरी भएको छ ।

११.६ विभिन्न जिल्लाहरूबाट नयाँ विमानस्थल निर्माणका लागि प्रशस्त माग आउने गरेको छ । दुर्गम भेगमा सामाजिक सेवामूलक विमानस्थल निर्माण गर्न लगानीको प्रतिफल (Return on Investment) को सिद्धान्त अनुकूल नहुने भएकोले प्राधिकरणको आर्थिक स्थितिलाई बिचार गरी प्राधिकरणलाई अनुदान प्रवाहको व्यवस्था हुनु जरूरी भएको छ । यसअनुसार लगानी नीति, छनौटको आधार, आवश्यक जग्गा-जमीन नेपाल सरकारले अधिग्रहण तथा मुआब्जा वितरण गरी प्राधिकरणलाई स्वामित्वसहित हस्तान्तरण गर्ने व्यवस्था लगायत योजनाको लागि आवश्यक श्रोत र संयन्त्र यकिन हुनुपर्ने भएको छ ।

११.७ हवाई सुरक्षासम्बन्धी उपकरणहरू ज्यादै उच्च प्रविधिको हुने र सोको सञ्चालन गर्ने जनशक्ति पेशागतरूपमा अत्यन्त दक्ष हुनु पर्नेमा नेपालमा हवाई सुरक्षासम्बन्धी जनशक्ति छुट्टै नभई नेपाल प्रहरीको सामान्य जनशक्तिबाट सञ्चालन हुँदै आएकोले तत्सम्बन्धी जनशक्ति विकासका लागि आवश्यक व्यवस्था हुनु जरूरी भएको छ। साथै, हवाई सुरक्षा तालिम प्राप्त जनशक्ति छोटो समयमा नै विमानस्थल सुरक्षाबाट अन्यत्र सरूवा हुँदा पेशागत दक्षता अभिवृद्धि हुन सकेको छैन। हवाई सुरक्षासम्बन्धी जनशक्तिको दक्षता अभिबृद्धि गर्न नेपाल प्रहरी अन्तर्गत छुट्टै हवाई सुरक्षा विंग स्थापना गर्न राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिबाट पटकपटक निर्णय भएता पनि सोको कार्यान्वयन हुन नसकेकोले यस सम्बन्धमा पहल हुनु आवश्यक भएको छ।

११.८ सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा भएको द्रुततर विकासको गतिलाई पक्रन नसकेको अवस्था, सूचना तथा सञ्चार क्षेत्रको लागि लगानीको स्रोतको कमी र कार्यान्वयनका क्रममा अपेक्षित समन्वयको कमी आदि प्रमुख चुनौतीका रूपमा रहेका छन्। वहु-आमसञ्चारका अन्य माध्यमहरूबाट प्राप्त हुने जनजागरणलाई एकीकृत र समन्वयात्मकरूपमा प्रयोग गर्न नसक्नु, पर्याप्त जनशक्ति उपलब्ध नहुनु र सञ्चारका प्रभावकारी साधनको विस्तार समानुपातिकरूपमा विस्तार नहुनु सूचना तथा सञ्चार क्षेत्रका चुनौती रहेका छन्।

११.९ हुलाक सेवामा जनशक्ति व्यवस्थापनको उचित प्रबन्ध हुन नसक्नु, ग्रामीण दूरसञ्चार सेवा पुऱ्याउन कबुल गरी अनुमतिप्राप्त दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूले प्रतिबद्धता व्यक्त गरेबमोजिम सेवा विस्तार गर्न नसक्नु, विद्युत् आपूर्तिको कमी लगायतका कारणबाट मोबाइल टेलिफोनको गुणस्तरमा ह्रास हुँदै जानु, रेडियो नेपाल तथा नेपाल टेलिभिजनको प्रसारण पहुँचमा अपेक्षित वृद्धि हुन नसक्नु, चलचित्र विकास शुल्कको असूलीमा कठिनाइ रहनु जस्ता चुनौतीहरू यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। सञ्चारको सम्भाव्य क्षमता उपयोग गर्ने तथा जनताको माग पूर्ति गर्ने गरी टेलिफोन सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनुपर्ने एवम् उपलब्ध सेवामा गुणस्तरता कायम गर्नु पर्ने चुनौती पनि टड्कारो देखिन्छ।

## १२. सामाजिक क्षेत्र

१२.१ सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मेवारी समुदायलाई दिने कार्यमा शिक्षकका छाता संगठनहरुसँग अझै पूर्ण समझदारी विकास हुन नसक्नु र कतिपय कार्यक्रमहरु गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिसँग साझेदारी गर्दै सञ्चालन गर्नुपर्ने अवस्था रहन जाने भएतापनि स्थानीय सरकार नभएकोले समन्वय र साझेदारीमा समस्या उत्पन्न भएको छ। त्यस्तै, खर्च गर्ने आधारहरु समसामयिक नभएकाले कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुनका साथै भ्रमण खर्च नियमावली, २०६४ का कारणले कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको छ। दोस्रो चक्रको शिक्षक तालिम लगायतका कार्यक्रमहरु संविधान सभा निर्वाचनको कारणले प्रभावित भएको छ। साथै, २० वटा शैक्षिक तालिम केन्द्र (ख) र ५ वटा शैक्षिक तालिम उपकेन्द्रमा

लेखा हेर्ने कर्मचारीको अभाव छ। लामो अवधिको तालिममा सहभागी हुन बाँकी रहेका शिक्षकहरुको वास्तविक तथ्याङ्क प्राप्त गर्न सकिएको छैन। विगत २०२९ सालदेखि सञ्चालनमा आएको यो कार्यक्रम प्रभावकारी हुँदाहुँदै हाल देखापरेका प्रमुख समस्याहरुमा दातृ संस्था विश्व खाद्य कार्यक्रम (WFP) बाट सहयोग घटाउदै लैजानु, पौष्टिक आहार ढुवानीको टेण्डर प्रक्रिया समयमा हुन नसक्नु, नियमित अनुगमन र सोको लागि लाग्ने खर्च रकमको सोधभर्ना नहुनु, दिवा खाजा कार्यक्रमलाई परियोजनाको रुपमा सञ्चालन गरिनु जस्ता प्रमुख समस्याहरु रहेका छन्। यी समस्या समाधान गर्न स्रोत परिचालन गर्न उच्चस्तरीय संयन्त्र निर्माण, ढुवानी प्रक्रियामा उपभोक्ता समितिलाई समावेश गर्न आवश्यक प्रक्रिया तर्जुमा, नियमित अनुगमन र आवश्यक खर्चको व्यवस्था तथा दिवा खाजा कार्यक्रमलाई देशव्यापी बनाउनु रहेको छ।

१२.२ प्रमाणपत्र तहको विस्थापन, शैक्षिक/प्राज्ञिक स्वायत्तता, शिक्षा ऐन/नियम र उच्च माध्यमिक शिक्षा ऐन/नियम बीच तालमेल नहुनु समस्याको रुपमा रहेको छ। त्यस्तै, उच्च माध्यमिक तहको शिक्षामा सरकारको लगानी न्यून हुनु र निजी क्षेत्रबाट विद्यालय सञ्चालन गर्दा महँगो शुल्क तिर्नुपर्ने भएकोले दुर्गम एवं विकट क्षेत्रका गरिबीका रेखामुनि रहेका वर्गको यस तहको शिक्षामा पहुँच पुग्न नसक्नु अर्को समस्या छ। सामुदायिक उ.मा.वि. मा न्यूनतमरुपमा पनि आवश्यक पूर्वाधारहरु, कक्षा कोठाहरु, ल्याब आदिको व्यवस्था नहुनु अर्को समस्या रहँदै आएको छ। त्यस्तै, आवश्यक पाठ्यसामग्रीको निकै ठूलो अभाव रहेको छ। यातायात/बाटोघाटो/विजुली आदिको अभावका कारण परिषद्बाट पठाउनुपर्ने वा ल्याउनु पर्ने सामग्री समयमा नै प्राप्त हुन नसक्नु थप समस्याको रुपमा देखिएको छ। जनचेतनाको अभावका कारण जातीय, लैङ्गिक, विभेद र परम्परागत अन्धविश्वासी धारणाले गर्दा ग्रामीण तथा दुर्गम क्षेत्रका इच्छुक महिला तथा दलित जातिले उच्च माध्यमिक शिक्षा प्राप्त गर्न नसक्नु, उच्च माध्यमिक तहको शिक्षालाई विद्यालय तहको शिक्षाको रुपमा नलिई हाल पनि क्याम्पस तहकै शिक्षाको रुपमा लिइनु, अधिकांश उच्च माध्यमिक विद्यालयहरुको गुणस्तरीय शिक्षालाई भन्दा परिमाणमुखी शिक्षा र विद्यार्थी उत्तीर्ण संख्यालाई महत्व दिने प्रवृत्ति देखा पर्नु, उच्च माध्यमिक तहको पढाई सञ्चालन गर्दा आवश्यकताको पहिचान नगरी देखासिखीको भरमा सतही रुपमा सम्बन्धन लिन उत्साहित हुनु, हालसम्म उच्च माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको सेवा, शर्त, सुविधाको सुनिश्चितता नभएको हुँदा जिम्मेवारी र उत्तरदायित्वमा कमी आई गुणस्तरीय शिक्षामा कमी हुनु आदि जस्ता समस्याहरु रहेका छन्।

१२.३ उच्च माध्यमिक शिक्षा सम्बन्धी स्पष्ट नीति तयार हुनुपर्ने, उच्च माध्यमिक शिक्षा परिषद्लाई शैक्षिक एवं प्राज्ञिक थलोको रुपमा विकास गर्नुपर्ने र उच्च माध्यमिक विद्यालयको भौतिक एवं शैक्षिक पूर्वाधार विकासको लागि सरकारको विशेष ध्यान जानु पर्ने देखिन्छ। त्यस्तै, उच्च माध्यमिक विद्यालयमा अध्यापनरत शिक्षक कर्मचारीको सेवा, शर्त, दरवन्दी व्यवस्था सम्बन्धी निश्चितता हुनु पर्दछ। ऐन/नियम तर्जुमा गर्दा सम्बन्धित पक्ष एवं निकायसँग तालमेल गरिनुपर्ने, दुर्गम एवं पिछडिएका क्षेत्र/वर्गको

लागि विशेष कार्यक्रम सुरु गर्नुपर्ने र प्रमाणपत्र विस्थापन गरी त्यस तहको लागि राज्यबाट हुने लगानी उच्च माध्यमिक तहमा स्थानान्तरण जस्ता पहल भएमा उच्च माध्यमिक शिक्षामा देखिएका समस्याहरु न्यून हुन जाने देखिन्छ ।

१२.४ काठमाडौ विश्वविद्यालयले आगामी १० वर्षसम्मको दीर्घकालीन लक्ष्य बनाइसकेको छ । विश्वस्तरको विश्वविद्यालय बन्नु यसको प्रमुख उद्देश्य हो । त्यसका लागि शिक्षण तथा अनुसन्धानमुखी कार्यलाई अति आवश्यकरुपमा लिई यसको विस्तार गर्न विश्वविद्यालय प्रयत्नशील रहेको छ । विदेशका स्तरीय विश्वविद्यालयहरूमा जुन स्तर र सुविधाहरू प्राप्त हुन्छन्, यस विश्वविद्यालयले आफ्नो स्तर र सुविधालाई पनि त्यही हाराहारीमा पुऱ्याउने सोच राखेको छ । त्यस अवधिभित्र विश्वस्तरका प्राध्यापकहरू न्यूनतम १ सय जना बनाइसक्ने, फ्याकल्टीको स्तर वृद्धि गराउने र कुल विद्यार्थी क्षमता ५ हजार पुऱ्याउने लक्ष्य राखिएको छ । पूँजी वृद्धि, योग्यता-अभिवृद्धि तथा विद्यार्थी क्षमतामा वृद्धि जस्ता विश्वविद्यालयका लक्ष्य र चुनौतीहरु रहेका छन् । त्यस्तै, अनुसन्धानका निम्ति आर्थिक स्रोत पहिल्याएर त्यसको व्यवस्था गर्नु ठूलो चुनौती बन्न गएको छ । यसबाहेक, अक्षयकोषको स्थापनाका लागि पनि प्रयत्न भइरहेको छ जसबाट तत्कालिक काम गर्न, विशिष्ट विदेशी विद्वान्लाई विशेष सुविधा दिनुपरे त्यसको व्यवस्था गर्न, अतिरिक्त क्रियाकलाप गर्न र विश्वविद्यालयको हितका लागि समर्पित रहेका व्यक्तिहरूलाई सहयोग गर्न मद्दत पुग्नेछ ।

१२.५ पूर्वाञ्चल विश्वविद्यालयमा विगत २०६२ सालदेखि विश्वविद्यालय सभाको गठन हुन नसकेबाट विश्वविद्यालय सभा एवं दीक्षान्त समारोह सम्पन्न हुन नसकेकोले नीतिगत, कानुनी, संस्थागत व्यवस्था एवं संरचनात्मक सुधार गर्न कठिनाइ भएको छ । साथै, तह पार भएका विद्यार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्न पनि सकिएको छैन । विश्वविद्यालयका पदाधिकारीहरुको नियुक्ति हुन नसकेबाट शिक्षक, कर्मचारी पदोन्नति, स्थायी तथा नयाँ नियुक्ति लगायतका कार्यमा प्रतिकुल प्रभाव पर्न जानुका साथै विश्वविद्यालयको संस्थागत विकासका लागि राज्यले प्रदान गर्ने बजेट अनुदान एवं सेवा सहुलियत (सामग्री आयातमा भन्सार, मूल्य अभिवृद्धि कर एवं स्थानीय विकास शुल्क छुट आदि) न्यून भएका कारण विश्वविद्यालयलाई अपेक्षाकृत उपलव्धि हासिल गर्न आर्थिक कठिनाइ पर्न गएको छ ।

१२.६ विभिन्न कारणले गर्दा नेपाल संस्कृत विश्वविद्यालयका आन्तरिक स्रोत तथा साधन न्यून भएको चुनौतीपूर्ण स्थिति छ । आयुर्वेद र योग चिकित्सा पद्धति विश्वमा प्रख्यात भएकोछ तापनि विश्वविद्यालयले श्रोतको अभावमा सञ्चालन गर्न सकेको छैन । साथै, देशका हिमाल, पहाड र तराईमा छरिएर रहेका जडीवुटीहरु घाँस दाउराको रुपमा प्रयोग भइरहेकोमा औषधिमूलक जडीवुटी उद्यान तयार गरी त्यस्ता जडीवुटीहरुको त्यस्को संरक्षण गर्नुका साथै चेतनामूलक कार्यक्रम सञ्चालनमा स्रोतको अभाव रहेको छ । संस्कृत विश्वविद्यालयको पूर्वाधारका रुपमा रहेका संस्कृत मा.वि. हरु साधारण मा.वि. मा परिणत हुने परिपाटीले छात्र/छात्रा श्रोत सुक्दै गएको छ । अतः संस्कृत मा.वि. हरु सञ्चालन सम्बन्धी छुट्टै नीतिको आवश्यकता रहेको छ भने संस्कृतमा उच्च

शिक्षा लिन आउने छात्राहरुलाई छात्रावासको अभाव रहेकोले पनि छात्राहरुको संस्कृत शिक्षा तिर आकर्षण कम हुन गएको छ ।

१२.७ शहरी, ग्रामीण/दुर्गम क्षेत्र बीच स्वास्थ्य सेवामा विभेद बढ्नुका साथै स्वास्थ्य र नवजात शिशुको स्वास्थ्य सुधार गर्ने कार्य खर्चिलो र चुनौतीपूर्ण भएको अवस्था छ। एकातिर विभिन्न खालका रोगहरुको प्रकोप बढी नागरिकहरुले स्वास्थ्य सेवा उपयोग गर्न पाएका छैनन् भने अर्कोतिर ग्रामीण क्षेत्रमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुको सेवाको उपलब्धता सुनिश्चित गर्ने कार्य कठिन भएको छ। साथै, देशको भौगोलिक अवस्थाले गर्दा आम नागरिकहरुलाई उनीहरुको आवश्यकतानुसार स्वास्थ्य सेवा पुऱ्याई उपचार गर्न सकिएको छैन । उपरोक्त समस्याहरुसँग सामना गर्दै “स्वास्थ्यः जनताको आधारभूत अधिकार” भन्ने विश्वव्यापी नारा वमोजिम उपलब्धि हासिल गर्नु वर्तमानको चुनौती रहेको छ ।

१२.८ स्थानीय विकासको क्षेत्र जति व्यापक र महत्वपूर्ण छ त्यति नै यहाँ विविध समस्या तथा चुनौतीहरु पनि विद्यमान छन्। लामो समयदेखि स्थानीय निकायहरुमा जनप्रतिनिधिहरुको व्यवस्था हुन नसकेको कारणबाट योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म विभिन्न समस्याहरु उत्पन्न भई वास्तविक जनचाहना अनुसार सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएको छ। तराई तथा पूर्वी पहाडी जिल्लाहरुमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको असुरक्षा एवं कार्यक्रम कार्यान्वयनमा अवरोध भई कार्य प्रगतिमा ढिलाइ भएको छ। गाउँ विकास समिति सचिव र प्राविधिक कर्मचारीको पदपूर्ति हुन नसक्दा विकास निर्माण र सेवा प्रवाहको कार्यमा अपेक्षित उपलब्धि हुन सकेको छैन । स्थानीय निकायहरुले उपलब्ध साधन स्रोतको आधारमा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा थोरै बजेटबाट धेरै योजना छनौट गरी सञ्चालन गर्ने तथा निर्मित योजनाको नियमित मर्मत, संभार र व्यवस्थापन भन्दा नयाँ नयाँ योजना छनौट गर्ने परिपाटीले क्रमागत र अधुरा योजनाहरुको संख्या बढ्दै गएको स्थिति विद्यमान रहेको छ। पूर्वाधार निर्माणमा देखिएको तदर्थवादी प्रवृत्तिले वातावरणमा प्रतिकूल असर पर्नुको साथै आयोजनाको सञ्चालन र दिगोपनामा अनिश्चितता रहेको छ भने स्थानीय निकायको समष्टिगत व्यवस्थापकीय तथा कार्यक्षमताजन्य कमजोरी रहेकोले अपेक्षित उपलब्धि हासिल हुन सकेको पाईंदैन। विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्म अनुरूप स्थानीय निकायलाई स्थानीय पूर्वाधारका कामहरु निक्षेपण नहुनु तथा स्थानीय स्वायत्त शासन ऐनको भावना अनुरूप ग्रामीण तथा शहरी पूर्वाधारमा गर्नुपर्ने कार्यको स्पष्ट खाका तयार हुन नसक्नाले प्राप्त स्रोतको प्राथमिकीकरण गरी लगानी गर्ने भन्दा पनि योजनाहरुमा स्रोत छर्ने प्रवृत्ति बढ्दै गएको छ, जसबाट सञ्चालित कार्यक्रमको गुणस्तरीय प्रतिफल प्राप्त गर्ने विषय जटिल बन्दै गएको छ ।

१२.९ जिल्लाहरुबाट समयमा नै सोधभर्ना सम्बन्धी कागजातहरु प्राप्त नभई खर्च बमोजिमको सोधभर्ना हुन सकेको छैन। स्थानीय निकायहरुबाट स्थानीय सम्भाव्यता र विकासका अवसरहरु विश्लेषण नगरी तथा तयार गरिएका आवधिक योजनालाई बेवास्ता गरी कार्यक्रम तर्जुमा हुँदा विकास योजनाबाट अपेक्षित प्रभाव पर्न सकेको छैन। बैदेशिक

सहयोगबाट सञ्चालन हुने योजनाहरुमा निर्धारित म्याचिङ्ग फण्डको व्यवस्था हुन नसक्दा लक्ष्य प्राप्ति गर्न कठिनाइ भएको छ । विषयगत निक्षेपणको कार्य प्रभावकारी हुन नसक्दा काममा दोहोरोपना र कार्यान्वयन निकायबीच समन्वयको अभाव भई लगानीको तुलनामा प्रतिफलको गुणात्मकता प्राप्त हुन सकेको छैन। स्थानीय निकायको आन्तरिक स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा वन तथा भू-संरक्षण मन्त्रालय र अन्य सम्बद्ध निकायहरुसंगको समन्वय र सहकार्यको अभाव एवं प्राकृतिक स्रोत साधनमाथि भइरहेको अनियन्त्रित र अव्यवस्थित प्रयोगले वातावरणीय विनास र प्राकृतिक प्रकोपको भयावह स्थिति श्रृजना हुने खतरा बढ्दै गएको छ। ILO 169 प्रावधानको बुझाई स्थानीयस्तरमा फरक फरक देखिएको र सोही कारणबाट जि.वि.स.ले परिचालन गरी आएको स्रोतमा स्थानीय समुदायद्वारा विभिन्न बहानामा अवरोध सिर्जना गर्ने प्रवृत्ति बढ्दै गएको छ ।

१२.१० बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न साधन स्रोतको अभाव हुनु, विद्यमान १० वटा श्रम कार्यालयहरुबाट मुलुकभरिका उद्योग एवं प्रतिष्ठानहरुमा निरीक्षण गर्न कठिनाइ हुनु, वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नसक्नु, वैदेशिक रोजगारीमा सीपमूलक जनशक्ति पठाउन नसक्नाले उचित प्रतिफल प्राप्त नहुनु, विश्वव्यापी आर्थिक संकुचनको कारण वैदेशिक रोजगारमा गएका कामदारहरुको रोजगारी कटौती भई स्वदेश फर्किने क्रम बढ्नु, स्वदेशी एवं वैदेशिक श्रम बजारको माग अनुसार स्वरोजगारमूलक तालिमको परिमार्जन एवं कर्मचारीहरुको दक्षता अभिवृद्धिमा अपेक्षित सफलता प्राप्त गर्न नसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

१२.११ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गहरुको क्षेत्रलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षेत्रमा सीमित राखिने सोचले महिला सशक्तीकरण एवं मूल प्रवाहीकरणमा जान सकिएको छैन । साथै, उल्लेखित कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रियस्तरमा पर्याप्त मात्रामा वजेटको अभाव रहेको देखिन्छ । दिनानुदिन अत्यधिक मात्रामा बृद्धि भएका सामाजिक संघ संस्थाहरुद्वारा सञ्चालित कार्यक्रममा दोहोरोपना हटाई समन्वय र सहयोग विस्तार गर्दै कार्यक्रमको उपयोगिता तथा प्रभावकारिता बढाउने र यस क्षेत्रलाई जिम्मेवार एवं जवाफदेही बनाउने विषय पनि चुनौतीको रूपमा रहेको छ ।

१२.१२ कामदारहरुको ज्याला दररेट र निर्माण सामग्रीहरुमा भएको मूल्य बृद्धिले गर्दा पूर्व लागत अनुमानको आधारमा आयोजना सम्पन्न गर्ने गरी विनियोजन गरिएको बजेटबाट आयोजना सम्पन्न गर्न नसकिने देखिएको छ। पटक पटकको सडक वन्द, इन्धन आपूर्तिमा भएको व्यवधानले गर्दा आयोजना कार्यान्वयनमा वाधा परिरहेको छ। जनसंख्या वृद्धिको चाप र पानीको स्रोतमा प्रदूषण वृद्धिका कारण खानेपानीको सेवास्तर र गुणस्तरमा ह्रास आइरहेको छ। शहरी तथा अर्द्धशहरी क्षेत्रहरुमा उचित ढल व्यवस्थापन नभएबाट वातावरण प्रदुषणमा बृद्धि भएको छ। यी समस्याहरुको निराकरणका लागि खानेपानीको स्रोत व्यवस्थापन एवं यसको प्रयोग तथा संरक्षणमा स्थानीय जनसहभागिता अभिवृद्धि गरी सबै नेपालीका लागि निरन्तर शुद्ध खानेपानी आपूर्ति गर्नु यस क्षेत्रको चुनौती रहेको छ ।